
# 1922–2022

# A Memoir of Rehabilitation International's Centenary Summary in Nepali



अनुवाद

बालहितकारी परियोजना नेपाल


Congratulations for this journey
१०० औं
जन्मोत्सवको शुभकामना
Centennial Celebration
Rehabilitation International Global
1922-2022
A Hundred Years of Humanitarian Empowerment,
and a new century of rights and inclusion

## सम्पादक मण्डल


**ठाकुर प्रसाद चापागाई**

**दूरमाया राना (पूजा)**

**ललिता ढुंगाना**


## बालहितकारी परियोजना नेपालको अपांगता सम्बन्धी परियोजनाका कर्मचारीहरू

**दूरमाया राना (पूजा)**
कार्यक्रम संयोजक

**झलक बहादुर भुजेल**
वरिष्ठ स्वास्थ्य सहायक

**हरिश्चन्द्र जोशी**
फिजियोथेरापिष्ट

**जीवन खनाल**
सिएमए

**ललिता ढुंगाना**
सामुदाय परिचालक

SWC Regd. No: 6796/054, KTM
DAO Regd. No: 733/053/054, KTM
PAN: 301935852, KTM

**बालहितकारी परियोजना नेपाल**
**Child Welfare Scheme Nepal**

मिति: २०७९/११/१०

**विषय: शुभकामना ।**

रिहाबिलिटेसन इन्टरनेसनलको सदस्य हाम्रो संस्था बालहितकारी परियोजना नेपालका सम्पूर्ण सदस्य तथा कर्मचारीहरुको तर्फबाट उक्त संस्थाले स्थापनाको १०० औं बर्ष पुरा गरेको अवसरमा सर्वप्रथम हार्दिक शुभ कामना व्यक्त गर्दछु । यसरी विश्व जगतमा नै सम्मानित संस्थाको सदस्य बालहितकारी परियोजना नेपालको तर्फबाट शुभ कामना व्यक्त गर्न पाउँदा आफूलाई गर्वका महसुस समेत गरेको छु । बालहितकारी परियोजना नेपालले मूलत: प्रारम्भिक बाल विकास केन्द्र, सुधारिएको चुलो, ज्योति व्यवसायीक तालिम, आशा स्वास्थ्य सेवा, ज्योति सडक कार्यक्रम, प्रारम्भिक कक्षा सिकाई, बाल संरक्षण, किशोर किशारीको स्वास्थ्य तथा संवृद्धि, अपाङ्गता पुनर्स्थापना, क्षमता विकास तथा समावेशी शिक्षा, सुरक्षाका लागि मास्क लगायतका विभिन्न परियोजनाहरु मार्फत लाखौंको संख्यामा सेवा पुर्‍याएको अहिले २५ वर्ष पुरा भएको छ ।

रिहाबिलिटेसन इन्टरनेसनलले सन् १९२२ देखि २०२२ सम्म लगातार अपाङ्गता भएका व्यक्तिहरुको अधिकार र समावेशीकरणको अभियान सन्चालन गर्दै आएको र अहिले १०० औं बार्षिक उत्सव मनाउदै गर्दा हाम्रो संस्था रिहाबिलिटेसन इन्टरनेसनलको सदस्यको नाताले उक्त संस्थाका विगतका उपलब्धिहरु प्रति गर्व गर्दै आगामी दिनमा दुवै संस्था बिचको सम्बन्ध अझै प्रगाढ बन्दै अपाङ्गता भएका व्यक्ति र उनीहरुको पुनर्स्थापना लगायत अधिकार संरक्षणका क्षेत्रमा कार्य गर्नको लागि बालहितकारी परियोजना नेपालको तर्फबाट प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

अन्त्यमा बालहितकारी परियोजना नेपालको अपाङ्गताका सम्बन्धी परियोजनाका संयोजक दुर्गमाया राना लगायत झलक बहादुर भुजेल, जीवन खनाल र ललिता अधिकारी बुढाथोकी तथा अन्य सम्पूर्ण कर्मचारीहरुलाई संस्थाको तर्फबाट धन्यवाद व्यक्त गर्दै पून: रिहाबिलिटेसन इन्टरनेसनलको १०० औं वर्ष पूरा भएको अवसरमा बालहितकारी परियोजना नेपालको तर्फबाट रिहाबिलिटेसन इन्टरनेसनलको संक्षिप्त जानकारी नामक पुस्तक प्रकाशन गर्न लागेकोमा हार्दिक धन्यवाद समेत व्यक्त गर्दछु ।

गोविन्दराज पहारी
अध्यक्ष

Pokhara- 15, Kaski, Nepal Tel: +977- 61- 432087 Email: info@cwsn.org URL: http://www.cwsn.org

# विषयसूची


| शीर्षक | पृष्ठ |
|---|---|
| **रिहाविलिटेसन ईन्टरनेसनलको उपलब्धिहरू -१९२२-२०२२** | १ |
| अभियानको सुरूवात | १ |
| आर.आई. अपाङ्गता आन्दोलनको प्रवर्तक | ३ |
| अपाङ्गता भएका बालबालिकाहरूको अधिकार सम्बन्धी मस्यौदाहरू | ६ |
| पहिलो विश्व सम्मेलन, जेनेभा १९२९ | ७ |
| एलेन युगको अन्त्य र नयाँ नेतृत्वको उदय | ७ |
| केन्द्रिकृत कार्ययोजनामा अघि बढ्दै | ८ |
| संयुक्त राष्ट्र संघमा प्रारम्भिक आबद्धता | ८ |
| सन् १९५० को दशकः दोस्रो युद्ध पछिको पहिलो अन्तर्राष्ट्रिय बैठक | ९ |
| प्याराओलम्पिक खेलहरूको बिउ छर्दै | ९ |
| पुनर्स्थापनामा चिकित्सकीय युग, दोस्रो विश्वयुद्ध र अन्तर्राष्ट्रिय विकास | १० |
| उदाउँदो ताराको रूपमा विकसित हङकङ कार्यसमिति | ११ |
| सन् १९७० को दशक पहुँचको प्रतिक | १२ |
| समुदायमा आधारित पुनर्स्थापना (सि.वि.आर.) | १३ |
| विश्वमा १० जना व्यक्ति मध्ये १ जना अपाङ्ग | १४ |
| रिहाविलिटेसन स्थापनाको पहिलो दशक | १६ |
| १९८० को दशक | १६ |

| | |
|---|---|
| विनिपेग सम्मेलन, आर.आईको बडापत्र र अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्ष | १७ |
| आर.आई.को क्षेत्रीय विकास | १८ |
| १९९० को दशक | १९ |
| नैरोबी बैठक | १९ |
| अन्तर्राष्ट्रिय अपाङ्गता भएका व्यक्तिहरूको दशकको अन्त्य र क्षेत्रीय दशकहरूको सुरूवात | २३ |
| अपाङ्गता अधिकार सम्वन्धी महासन्धिको खोजी र तेस्रो सहशताब्दीको लागि वडापत्र | २५ |
| महासन्धिको कार्यान्वयनमा जोड र अन्य पहलहरू | २६ |
| अपाङ्गता भएका व्यक्तिहरूको अधिकार कार्यान्वयनका लागि आर.आई.को वडापत्र | २७ |
| आर.आई.को दोश्रो महिला अध्यक्ष जो अपाङ्ग थिईन र बिकासोन्मुख देशको तर्फवाट प्रतिनिधित्व गर्न सक्षम भईन | २७ |
| अपाङ्गता भएका व्यक्तिहरूको क्षमतालाई फरक तरिकाले चिनाउने दृष्टिकोण सहितको नयाँ नेतृत्व | २८ |
| आर.आई.ले आफ्नो १०० औं वार्षिकोत्सवको तयारी गर्दै | २९ |
| **अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (सि.आर.पि.डि.)** | ३० |
| **अपाङ्गता भएका व्यक्तिको** | ३४ |
| **अधिकार सम्बन्धी ऐन, २०७४** | ३९ |

# रिहाविलिटेसन ईन्टरनेसनलको उपलब्धिहरू -१९२२-२०२२

रिहाविलिटेसन ईन्टरनेसनलले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र समावेशीकरण अभियान सन् १९२२ देखि अगाडि बढाउँदै आएको र अहिले १००औं वार्षिक उत्सव मनाउदै गर्दा विगतका उपलब्धिहरूप्रति गर्व गर्दै आगामी दिनमा अझै प्रभावकारी रूपले अगाडि बढ्न प्रतिबद्ध छ ।

## अभियानको सुरूवात

रिहाविलिटेसन ईन्टरनेसनल आफ्नो स्थापनादेखि नै अन्तर्राष्ट्रिय रूपमा अपाङ्गताका भएका व्यक्तिहरूको अधिकार र पुनर्स्थापनाका लागि काम गर्ने एउटा प्रमुख शक्ति बनेको छ । यो एक असाधारण विश्वव्यापी संगठन हो जसले विभिन्न दार्शनिक वा विषयगत वा राजनीतिक विचारधारामा फरक फरक मान्यता भएता पनि एक आपसमा अन्तरसम्बन्धित विषयहरूका लागि साझा मञ्च प्रदान गर्दै आएको र आगामि दिनमा पनि त्यस्तो अवसर प्रदान गरिरहने छ । यस संस्थाका हरेका सदस्य संस्थाहरू त्यस्तो केन्द्रिय भूमिकामा छन् जसले अपाङ्गता तथा पुनर्स्थापना सम्बन्धी प्रायः हरेक विषयहरूमा उनीहरूको दख्खल छ र त्यसको कसरी पैरवी गर्ने भन्ने विषय सबै सदस्यहरू जानकार छन् वा उनीहरू त्यस विषयका सन्दर्भमा विशिष्ठ संस्थाका रूपमा परिचित छन् । मध्य-पश्चिम अमेरिकाको एउटा सानो शहरबाट सुरु भई हुर्कदै आज यो संस्था अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र पुनर्स्थापनाको क्षेत्रमा एक प्रतिष्ठित र अग्रगामी संस्थाको रूपमा आफूलाई चिनाएको छ । संस्थाले सन् २०१२ मा आफ्नो स्थापनाको ९० औं वर्षगाँठ मनाउदा सुरुवाती वर्षहरूको संस्मरण गर्ने, चुनौतिहरू र त्यसको समाधानका लागि गरिएका सफल प्रयासहरूलाई सुत्रबद्ध

गरी भविष्यका पीडिहरूलाई मार्गदर्शन गराउन पहल गर्ने निर्णय गरेको थियो । जसलाई संक्षिप्तमा निम्नानुसार उल्लेख गरिएको छः

१) सन् १९२२ मा अपाङ्गता क्षेत्र बाहिरका पल एडगर एफ ड्याडी एलेन जो एक स्थानीय व्यापारी, दूरदर्शी चिन्तक, कुशल सँगठक र प्रवक्ताले परिचित थिए, उनले अमेरिकाको एलिरिया राज्यको ओहायामा रिहाविलिटेसन ईन्टरनेसनलको स्थापना गरेको थिए । प्रारम्भमा उनी यस विषयको जानकार नभएता पनि करिब एक दशक सम्मको मेहनत पछि अपाङ्गता र पुनर्स्थापनाका एक विज्ञका रूपमा आफ्नो परिचय बनाउन सफलता हासिल गरेर यस अभियानमा जोडिएका थिए ।

२) तीनै एलेनले सन् १९०७ मा सडक दुर्घटनामा परेका छोरा बचाउन नसकेपछि उनले सोंचे कि नजिकै राम्रो अस्पताल भएको भए छोरा बचाउन सकिन्थ्यो । त्यो घटना पछि तत्काल आफ्नो सेवाबाट निवृत्त भई उनले नागरिकको औषधी उपचारमा सहयोग पुऱ्याउन कोषको स्थापना गरी सहयोग जुटाउने अभियानको अगुवाई गरे । जुन कोषबाट एलेनले स्थानीय स्तरमा एउटा सुविधा सम्पन्न अस्पतालको स्थापना गर्न सफल भए । अस्पताल स्थापना भएको १० वर्ष सम्म उनले उक्त अस्पतालको लेखा प्रमुख र प्रबन्धक भएर सेवा पुऱ्याए ।

३) उनी कार्यरत अस्पतालमा एकपटक अपाङ्गता भएको बच्चाको उपचार भइरहेको थियो । त्यो बेला ऐलेनले बच्चाको उपचार गर्दा बच्चाले चिकित्सा प्रणालीमा भएका चुनौतिहरूको सामाना गरेको देखेर महसुस गरे कि अब अपाङ्गता बालबालिकाका लागि केहि गर्न आवश्यक छ । तर अपाङ्गता भएको बालबालिकाहरूको हितको काम गर्नको लागि तथ्याङ्कको अभावकले उनको प्रयास सार्थक हुदैन कि भन्ने उनमा चिन्ता भैरहेको थियो । त्यसपछि उनले स्थानीय चिकित्सकहरूसँग काम गर्दै गर्दा त्यहाँ अपाङ्गता भएका बालबालिकाहरूका सम्बन्धमा एउटा सर्वेक्षण गरिएको थियो, जसले तुरुन्तै ओहायो राज्यका घरहरूमा पहचान नगरिएका वा घरबाहिर लुकाईएका वा अवस्था नखुलाईका २०० जना अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गऱ्यो ।

४) अपाङ्गता भएका बालबालिकाको स्याहार र उपचारमा बढ्दो आवश्यकताहरूको फलस्वरूप एलेनले ओहायो राज्य भरी अपाङ्गता सम्बन्धी परामर्श क्लिनिकहरू स्थापना गर्ने अभियान सञ्चालन गरे जसले गर्दा ठुला आवासीय संस्थाहरूको सेवा र प्रभावकारितामा उचाई थपिएको थियो । त्यस्ता संस्थाहरूमा धेरै जसो आमाबुबाहरूले आफ्ना बालबालिकाहरूलाई महिनौं र बर्षौका लागि राख्न तथा सप्ताह वा छुट्टीमा मात्र भेट्न सक्दथे ।

५) यसरी अस्पतालमा आधारित सेवाहरूबाट समुदायमा आधारित सेवामा बालबालिकाहरूको उपचार तथा स्याहार गर्ने विषयमा एलेनले सफलता प्राप्त गरे । यसरी समुदायमा आधारित सेवा प्रदान गर्ने कार्य साच्चिकै क्रान्तिकारी थियो । जसलाई प्रारम्भमा रोटरी क्लब र सिकागो वरिपरि सन् १९०५ मा खोलिएका नागरिक संघ-संस्थाहरूले सहयोग गरेका थिए । त्यसको एक दशकमा यो अभियान अमेरिकाको मध्ये पश्चिम सम्म फैलिएको थियो ।

६) यसरी स्थानीयस्तरमा अपाङ्गता भएका बालबालिकाहरूलाई सेवा पुऱ्याउन तथा सामुदाय स्तरमा कोष संकलनका कार्यमा मद्दत गर्ने उद्देश्यले रोटरी क्लबहरूले आफ्ना रोटरियनहरूलाई ठूलो अपिल गरेका थिए । रोटरीका सदस्यहरूले अपाङ्गता भएका व्यक्तिहरूको चिकित्सकीय आवश्यकताहरूलाई सर्मथन गर्न स्थानीय रूपमा मात्र रकम उठाएनन् साथै उनीहरूले बालबालिका र अभिभावकहरूलाई लिन, उनीहरूलाई क्लिनीकमा ल्याउन, फिर्ता पठाउनको लागि नयाँ र दुर्लभ गाडीहरूको व्यवस्था गरि ग्रामिण इलाकाहरूमा जोखिमपूर्ण स्वयमसेवा गरे । प्रत्येक रोटरियनहरूले उक्त सेवा कार्यका लागि समुदायलाई ५० सेन्ट सहयोग गरे भने कोष संकलनको आवश्यकतालाई समुदायभरीमा व्यापक रूपमा फैलाउदै गए ।

७) सन् १९१९ को ८ मा एलेन र ओहायो राज्य वरिपरिका रोटरियनहरूले ओहायो सोसाईटी फर क्रिप्पल चिल्ड्रेन (अपाङ्गता भएका बच्चाहरूको लागि काम गर्ने संस्था) नामक संस्था खोल्न एउटा बैठक गरे । चाखलाग्दो कुरा के छ भने प्रारम्भमा आर.आई. को स्थापनाको समयमा यसले सेवा प्रदान गर्ने नभई अपाङ्गता सम्बन्धी नीति नियमहरूलाई प्रभावकारी

बनाउने थियो । जस अनुसार यसको पहिलो सफलता ओहायो राज्यको अपाङ्गता भएका बालबालिकाका लागि एकल राज्य अस्पताल निमार्ण गर्न ९०,००० डलरको व्यवस्था सम्बन्धी विधेयकलाई रोकी अपाङ्गता भएका बालबालिकाको उपचारमा स्वास्थ्य संस्थाहरूबाट खर्च गर्न मनाउनु थियो ।

८) ओहायोका गभर्नर कोक्सले एलेनको पहलमा स्थापना गरिएका आठवटा क्षेत्रीय क्लिनीकहरूका लागि पैसा राख्न सहमत भए । त्यसको दुई वर्ष पछि समुदायले गर्भनर डेभिमलाई अतिरिक्त ओहायो योजना अन्तर्गतको अपाङ्गता भएका व्यक्तिहरूको उपचार गर्ने वा स्याहार गर्ने केन्द्रहरूको विकेन्द्रिकरण गर्ने एउटा विधेयकमा हस्ताक्षर गर्न राजी गराए । जसले गर्दा स्याहार केन्द्र वा क्लिनिकहरूको विकेन्द्रिकृत प्रणालीलाई स्थायित्व प्रदान गर्न सघाउ पुऱ्यायो । यसरी आएको ँओहायो योजना” पछिल्ला दुई दशक सम्म नमूना योजनाका रूपमा संयुक्त राज्य अमेरिका भरि फैलियो । यो योजना लागू भएको अर्को वर्ष “ओहायो योजनाले” राष्ट्रव्यापी ध्यान आकर्षण गर्न थाल्यो र “ड्याडी” एलेनले अपाङ्गता व्यक्तिहरूको सेवामा प्राप्त सफलताको बारेमा रोटरीयनहरूको समूहहरूसँग प्रवचन दिदै समय बिताए । रोटरीका तत्कालिन प्रमुख पल हयारीस पनि ड्याडी एलेन र उनको योगदानलाई नजिकबाट हेर्न शिकागोबाट ओहायो आए र त्यसपछि उनी पनि सक्रिय रूपमा एलेनको अभियानमा संलग्न भए ।

१०) अक्टोवर १९२१ मा टोलेडोमा ओहायो योजनालाई अमेरिकाका अन्य राज्यहरूमा विस्तार गर्ने सम्भावनालाई विचार गर्न वैठक बोलाईएको थियो । त्यस बैठकपछि अपाङ्गता भएका बालबालिकाहरूका लागि अमेरिकी राष्ट्रिय समाजको जन्म भएको थियो । सञ्जाल स्थापना पछिका दुई बैठक पछि अमेरिकी राष्ट्रिय समाजले आफ्नो पहिचानलाई स्थापित गर्न क्यानडेली सहकर्मीहरूलाई समायोजन गर्ने निर्णय गरेर आमन्त्रण गऱ्यो । १३ फेब्रुअरी १९२२ मा ६ राज्यका १६ प्रतिनिधिहरू एलिरियामा भेला भई आधिकारिक रूपमा राष्ट्रिय सञ्जालबाट आफ्नो नाम परिर्वतन गरी अपाङ्गता भएका बालबालिकाहरूको लागि अन्तर्राष्ट्रिय समाज ९क्ष्लतभचलबतष्लबि क्यअष्भतथ ायच ञ्चचष्उउभिम ञ्चजषमिचभल० नामाकरण गरी उनीहरूको पुनर्स्थापनामा नयाँ आयाम थपे ।

## आर.आई. अपाङ्गता आन्दोलनको प्रवर्तक

१०) ड्याडी एलेन र सामाजिक अभियान्ताहरूले चलाएको यो अभियानको प्रभाव जति कोशिस गर्दा पनि संयुक्त राज्य अमेरिकामा सीमित भयो । एलेन स्थानीय रोटरी सोसाईटी, नागरिक समाज, राजनीतिक सम्मेलन, चिकित्सक संघहरूको भेलामा बोलावट भएको अवस्थामा बोल्नको लागि उनी कारबाट हजारौ माईलको यात्रा गर्दथे । उनी जहा जान्थे, जहिले पनि भन्ने गर्थे कि उनको एकदिन त्यसै हराएर जान्छ यदि कोही कसैले उनीको अभियानमा त्यस दिन १० डलरको सहयोग नगरेको होस । उनले मान्छेहरूको भिडमा मात्र नभएर प्रचारका शैलीहरूलाई प्रेस, प्रवचन, मन्च र रेडियोको नयाँ माध्यामबाट पनि अगाडि बढाए । उनको यो अभियानमा सहयोग गर्न उनले पहिला सयौं र त्यसपछि हजारौं स्वयंमसेवकहरू भर्ना पनि गरे ।

११) सन् १९२६ मा एलेनले अपाङ्गता भएका बालबालिकाहरूको अन्तर्राष्ट्रिय सोसाईटिको बैठकमा पेश गरेको वार्षिक प्रतिवेदनमा देशको आधा भौगोलिक क्षेत्रमा करिव तीन चौथाई अमेरिकीहरू यो अन्तर्राष्ट्रिय समाजसँग परिचित भएको अनुमान गरेका थिए । त्यसैगरी उनले व्यक्तिगत र समाजको तर्फबाट न्यूजिल्याण्ड, अष्ट्रेलिया, इङ्गल्याण्ड, होल्याण्ड र जर्मनीमा समेत सम्पर्कहरू स्थापित भएको उल्लेख गरेका थिए ।

१२) सन् १९२८ मा मेम्फिस टेनेसीमा भएको सोसाईटीको वार्षिक सम्मेलनको विशेषता भनेको दुई मुख्य वक्ताहरू आर्चर साप, रोटरी ईन्टरनेसनलका अध्यक्ष र न्यूयोर्क राज्यका गर्भनर “माननीय” फ्रयाङ्कलिन डेनालो रूजवेल्ट, जसले किन अपाङ्गतासँग दिक्क मान्ने ? भनेर बोलेका थिए (अपाङ्गता भएको बच्चाः सन् १९२८) त्यसपछि रूजवेल्ट एलेनसँग सम्पर्कमा रहिरहे ।

१३) १८ फेब्रुअरी १९३१ मा रूजवेल्टले राष्ट्रिय रेडियोमा “अपाङ्गता भएका व्यक्तिहरूको सहयोगका लागि रेडियो कार्यक्रम” मा भाषण गर्दै अपाङ्गता भएका व्यक्तिहरूका लागि उचित रोकथाम, राम्रो रोजगारी र राम्रो चिकित्सा सेवाहरूका लागि राज्यले सहयोग गर्नुपर्ने दलील पेश गरेका दिए ।

## अपाङ्गता भएका बालबालिकाहरूको अधिकार सम्बन्धी मस्यौदाहरू

सन् १९२० को उत्तरार्धमा ड्याडी एलेनका भनाइहरू अपाङ्गता भएका बालबालिकाहरूका अधिकार सम्बन्धी मस्यौदाहरूमा जोडिए । उनका भनाईहरूले अपाङ्गता भएका बालबालिकाहरूको आन्दोलनको केन्द्रिय मागहरूलाई संश्लेषण गरेका थियो । यसरी एलेनका विचारहरूको सँग्रहलाई पावल एच किङ्गद्वारा अपाङ्गता भएका बालबालिकाहरूको अधिकार सम्बन्धी मस्यौदाका रूपमा तयार पारिएको विद्येयक अन्तर्राष्ट्रिय समाजको सन् अप्रिल १९३१ मा भएको १०सौ. बार्षिक सम्मेलनमा पेश गर्दा उक्त सम्मेलनले सर्वसम्मतिले अनुमोदन तथा ग्रहण गरेको थियो । सोही वर्ष हेगमा भएको दोस्रो विश्व सम्मेलनद्वारा समेत उक्त अधिकारहरू समावेश गरिएको मस्यौदालाई स्वीकार गरिएको थियो । त्यस विद्येयकमा अपाङ्गतालाई रोक्न वा न्यूनीकरण गर्न जन्मनुभन्दा अगाडि र जन्मेपछिको हेरचाह गर्ने अधिकारबाट सुरु हुने १० वटा विषयहरू समावेश गरिएको थियो । अपाङ्गतालाई सधै रोक्न नसकिने कुरालाई स्वीकार गर्दै उक्त कानूनी विषयमा राम्रो चिकित्सकीय हेरचाह, उत्कृष्ट शिक्षा र उत्कृष्ट व्यवसायिक तालिम पाउनु पर्ने विषयलाई अधिकारको रूपमा वकालत गर्दछन् । यसलाई आत्मनिर्णयको अधिकार र विवेकशील उपचारका (जसलाई आज हामी सामाजिक समावेशीकरण भन्छौं) साथै आध्यात्मिक, शारीरिक र बौद्धिक विकासको अधिकार समेत भन्ने गरिन्छ ।

> छोटकरीमा भन्नुपर्दा, आफ्नो हितको लागि मात्र होईन समग्र समाजको हितका लागि प्रत्येक बालबालिकाहरूको सबै भन्दा राम्रो शरिरको अधिकार छ, जसलाई आधुनिक विज्ञानले सुरक्षित गर्न मद्दत गर्छः उत्कृष्ट दिमाग जुन आधुनिक शिक्षाले दिन सक्छः उत्तम प्रशिक्षण जुन आधुनिक व्यावसायिक मार्गदर्शनले दिन सक्छः जीवनको सबै भन्दा राम्रो स्थिति जुन उसको शारीरिक अवस्था हो जुन सम्भव भएसम्म सिद्ध हुन्छ, अनुमति दिन्छ र आध्यात्मिक विकासको उत्तम अवसर हुन्छ, जुन राम्रो वातावरणले प्रदान गर्न सक्दछ ।
>
> *(अपाङ्गता बालबालिकाहरूका लागि अन्तर्राष्ट्रिय समाजः १९३१)*

## पहिलो विश्व सम्मेलन, जेनेभा १९२९

सन् १९२९ अगस्टमा "अन्तर्राष्ट्रिय समाज" जुन संगठनात्मक रूपले ठूलो हुँदै गएको थियो यसले स्विट्जरल्याण्डको जेनेभामा आफ्नो पहिलो विश्व सम्मेलन आयोजना गरेको थियो । उक्त सम्मेलनमा १२ देशका ५० जना सहभागी भएका थिए जसलाई पहिलो सफल विश्व सम्मेलन मानिएको थियो । किनकी उक्त सम्मेलनमा प्रस्तुत धेरै विषयहरू मध्ये अपाङ्गता भएका व्यक्तिहरूको लागि सामाजिक संरचना निर्माणमा पहिलो पटक ध्यान दिईएको थियो । जेनेभामा हुँदा सोसाईटिले पहिलो पटक औपचारिक रूपमा राष्ट्र संघमा एउटा प्रस्ताव पेश गर्दै राष्ट्र संघमा बालबालिकाहरूको अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय तथ्याङ्क र जानकारी संकलन गर्न एउटा छुट्टै कार्यालय स्थापना गर्न अनुरोध गर्‍यो । त्यसरी उक्त प्रस्ताव पेश गर्ने सहभागीहरूमा फ्रान्स, जर्मन, ग्रेट ब्रिटेन, इटाली र उरुग्वेका प्रतिनिधिहरू थिए । उक्त प्रतिनिधिमण्डलले छुट्टै कार्यालय स्थापना गरी अपाङ्गता भएका बालबालिकाहरूका सम्बन्धमा विभिन्न देशहरूमा भएका महत्वपूर्ण जानकारीहरू । लेखहरू तथा उनीहरूले गर्दै आएका स्याहार, शिक्षा र जीवनउपयोगी सीपसम्बन्धी कार्यहरूको संकलन, मुद्रण र दस्तावेजीकरण गर्न माग गरेको थियो । उक्त मागलाई राष्ट्र संघले तत्काल "सैद्धान्तिक रूपमा" स्वीकार गर्‍यो र यसलाई छलफलको विषयको रूपमा त्यसै वर्षको हिउँदे अधिवेशनमा समावेश गर्‍यो ।

> राष्ट्र संघको बैठकमा एउटा वक्ताले अपाङ्गता सम्बन्धी विषयहरूमा प्राप्त सफलता र अर्थोपेडिक उपचारका पद्धती आवश्यकता छ भनेर बारम्बार दोहोर्‍याइ रहे । साथै अन्य देशका प्रतिनिधिहरूले राखेका महत्वपूर्ण सूचना र जानकारीहरू समेतलाई समावेश गरी अभिलेख तयार गरे मात्र सबैलाई सन्तुष्टी दिन सकिन्छ भन्ने निश्कर्षमा पुग्ने सकिन्छ भन्ने विषयहरू समावेश गरियो ।
>
> ISSC:1929

## एलेन युगको अन्त्य र नयाँ नेतृत्वको उदय

सन् १९३७ मा "ड्याडी" एलेन विरामी परेपछि उनको मृत्यु भयो । उनको प्रारम्भिक काम उनको उत्तराधिकारी यल.एच किङ्ग, जो एक सक्रिय रोटरियन र

मिचिगन राज्यको डिट्रोएटका संघीय न्यायाधीश पनि थिए, उनले सम्हाले । उनी कानूनका ज्ञाता भएकाले अपाङ्गतासम्बन्धी कानुनी विषयहरू समेटेर संस्थाका कानूनी र नीतिगत व्यवस्थाहरूको प्रबर्द्धन गर्न सहयोग गरे ।

## केन्द्रिकृत कार्ययोजनामा अघि बढ्दै

सन् १९४९ मा अपाङ्गता भएका व्यक्तिहरूको कल्याणकारी संस्था अन्तर्राष्ट्रिय समाज ओहायोबाट न्युयोर्क सहरमा स्थानान्तरण भयो । यसरी न्युयोर्क शहरमा स्थानान्तरणका लागि त्यही ६४ नं.सडकमा रहेको नियर इष्ट फाउण्डेशनका बोर्ड सदस्य बिल ग्रेभले आफ्नो संस्थाबाट केही आर्थिक ऋण उपलब्ध गराई सहयोग गरेका थिए । आफ्नो लगाव तथा सहायताका कारण बेल ग्रेभले डोनाल्ड विल्सनलाई आर.आई.को दोस्रो महासचिवको रूपमा नियुक्त गरे । डोनाल्ड विल्सन पेशागत रूपमा अधिवक्ता र युद्धको समयमा अमेरिकी सेनामा कल्याणकारी अधिकृतको रूपमा कार्यरत थिए, भने श्रीमती ग्रेभ एशोसिएसनमा कार्यकारी निर्देशक पनि थिए । पछि विल्सनले आफू आवद्ध संस्थामा कुनै तलबी कर्मचारी नभएको र उक्त संस्थामा १२ वटा संस्थाहरू सदस्यका रूपमा रहेको तथा सङ्गठनको बैक खातामा १८,००० डलर भएको तर भविष्यको आम्दानी पक्का नभएको विषय थाहा पाएका थिए ।

## संयुक्त राष्ट्र संघमा प्रारम्भिक आबद्धता

अपाङ्गताको लागि अन्तर्राष्ट्रिय समाजको पुनरूत्थापनाका गतिविधिहरू र संयुक्त राष्ट्र संघको जन्म र वृद्धि संघसँगै भएको थियो । यो समाज सुरुदेखि नै संयुक्त राष्ट्र संघको प्रारम्भिक गतिविधीहरूमा संलग्न हुदै आएको थियो । सन् १९५० को जुलाईमा अन्तर्राष्ट्रिय समाजसँगको परामर्शमा संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद (ECOSOC) ले एउटा संकल्प प्रस्ताव पारित गर्दै सबैका लागि पुर्नरस्थापना र शारीरिक अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक पुर्नरस्थापनाको कार्यक्रमको लागि समन्वय गर्न संयुक्त राष्ट्र प्रणाली भित्रका धेरै राष्ट्रहरूसँग प्राविधिक सहयोग र सल्लाह प्रदान गर्ने निर्णय लियो । यो निर्णय प्रति समाजले आभार व्यक्त गर्दै आर्थिक तथा सामाजिक परिषद् प्रति भारी कृतज्ञता व्यक्त गरेको थियो । यो निर्णयलाई लागू गर्ने पहिलो राष्ट्र युगोस्लाभियाले सन् १९५० को सरद ऋतुमा सोसाईटीका तत्कालीन अध्यक्ष हेनरी केसलरलाई आफ्नो देशमा आमन्त्रण गरेर आफ्नो निर्णयको वारेमा

जानकारी समेत दिएको थियो । सन् १९५१ मा संयुक्त राष्ट्र संघको कार्यालय न्युयोर्कमा सामाजिक विकास विभाग अन्तरगत अपाङ्गता भएका व्यक्तिहरूका लागि पुनर्स्थापना ईकाई स्थापना गरिएको थियो, जसमा अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय समाजले प्रमुख परामर्श दाताको रूपमा सेवा पुऱ्याएको थियो ।

## सन् १९५० को दशक: दोस्रो युद्ध पछिको पहिलो अन्तर्राष्ट्रिय बैठक

सन् १९५१ मा भएको स्टकहोम विश्व सम्मेलन १९३९ पछि संसारमा पहिलो पटक आयोजना गरिएको आधिकारिक बैठक थियो, जुन अन्तर्राष्ट्रिय पुनर्स्थापना बैठकका नामले परिचित छ । यो सम्मेलन विशेष गरि युद्ध अघिको अवस्थामा अपाङ्गता क्षेत्रमा भएको अन्तर्राष्ट्रिय सहायता र सहयोगको बिधिलाई पुनर्गठन गर्ने विशेष उद्देश्यले आयोजना गरिएको थियो । उक्त सम्मेलनमा २९ देशका ६५० सहभागिहरूले भाग लिएका थिए भने सम्मेलनमा भएका छलफल र वहसले अन्तर्राष्ट्रिय क्षेत्रमा पुनर्स्थापना र समन्वयका लागि आयोजित मञ्चका रूपमा यो बैठकलाई चिनायो । कोनराड पर्सन समाज कल्याणको क्षेत्रका एक स्विडेनी विज्ञ जो पछि गएर रिहाबिलिटेसन इन्टरनेसनलको अध्यक्ष भए, उनी नै उक्त सम्मेलन आयोजक कमिटीका अध्यक्ष थिए । चाखलाग्दो विषय यो छ कि १९५१ को सुरुवातमा जुन विषयहरू उठाईएका थिए, ती विषयहरू आर.आई.को ७ औ विश्व सम्मेलनमा समेत उत्तिकै प्रभावकारी रूपमा उठेका थिए । उक्त सम्मेलनमा उठेका तीनै विषयहरू नै आगामी ६० वर्षसम्म पनि पुनर्स्थापनासम्बन्धी अन्तर्राष्ट्रिय समाजका सन्दर्भमा उत्तिकै सान्दर्भिक हुनेछन् भन्ने कुराहरू समेत उक्त सम्मेलनमा महसुस गरिएको थियो ।

## प्याराओलम्पिक खेलहरूको बिउ छर्दै

सन् १९५१ मा स्विडेनमा आर.आई. को ५ औ विश्व सम्मेलनको आयोजना आफैमा एउटा ऐतिहासिक कदम थियो भने अझ उक्त सम्मेलनमा इङ्गल्याण्डको स्पाइनल इन्जुरीज सेन्टरका डा. लुडविड गुटम्यानले एउटा विशेष प्रस्ताव राख्दै खेलकुदलाई पुनर्स्थापनाको अत्यावश्यक अंग बनाउनु पर्छ भन्दै "पाराप्लेजिया ओलम्पिक" को प्रस्ताव राखेका थिए । यो एउटा त्यस्तो पहिलो सार्वजनिक प्रस्तुती थियो जसका कारण अन्तर्राष्ट्रिय पाराओलम्पिक खेलहरू आयोजना गरियो भन्ने विषयलाई डा. होवर्ड रस्क (१९५१) द्वारा लेखिएका

धेरै हृदयस्पर्शी रिपोर्टहरू मध्ये यो विषयलाई पनि एक मानिएको छ । मुख्य रूपमा स्विडेनीहरूद्वारा आविस्कार गरिएका नयाँ प्रविधिहरूको प्रर्दशनीले उक्त सम्मेलनका धेरै प्रतिनिधिहरूको मानसपटललाई कब्जा गऱ्यो । खास गरी कार्ल मोन्टन नामका स्विडेनी युवा प्रतिनिधिद्वारा नयाँ प्रविधिका बारेमा व्यक्त विचारले सबैको ध्यान खिच्यो । त्यहा स्विडेनका टिरा सिब्बेको सम्बोधन पनि एउटा महत्वपूर्ण सत्र रह्यो जसले अपाङ्गता भएका व्यक्तिहरूलाई पुनर्स्थापना प्रक्रियामा निर्णयकर्ताको रूपमा समावेश गर्ने विषयलाई विशेष जोड दिनुभएको थियो ।

स्टकहोमको सम्मेलनमा एकजना प्रतिनिधि डा. रस्कले अब हामी कहिल्यै पहिला जस्तै मानिस हुने छैनौ (माल्टानः १९९३) । बैठक एउटा यस्तो परिर्वतनको विन्दु भएको थियो जहा धेरै सहभागीहरूले आफुलाई पुनर्स्थापनाको कार्यमा एक्लै छौ भन्ने भावनालाई छाडेर हामी पनि अन्तर्राष्ट्रिय आन्दोलनको हिस्सा हौ भन्ने महसुस गरेका थिए । डा. रस्क यति धेरै उत्साहित भएका थिए कि स्विडेनको सम्मेलनबाट न्यूयोर्क फर्कने बित्तिकै न्यूयोर्क टाईम्सको सम्पादकीयमा “अपाङ्गताको विषयमा राज्यको विजय” शीर्षकमा एउटा लेख समेत प्रकाशित गरे । (रस्कः १९५१) ।

## पुनर्स्थापनामा चिकित्सकीय युग, दोस्रो विश्वयुद्ध र अन्तर्राष्ट्रिय विकास

दोस्रो विश्व युद्धपछि अन्तर्राष्ट्रिय क्लिनीकल पुनर्स्थापनाका लागि न्यूयोर्कमा दुई प्रमुख प्रशिक्षण केन्द्रहरू स्थापना गरियो । जसका कारणले न्युयोर्क शहर अन्तर्राष्ट्रिय पुनर्स्थापना परिक्रमका लागि एक प्रसिद्ध केन्द्र बन्यो । छिट्टै विश्वभरिका चिकित्सकहरू जो जे लागि गए पनि न्युयोर्क भएर यात्रा गरे भने उनीहरूले रक्स इस्टिच्युटमा हप्तौं वा महिनौ विताउथे । कहिलेकाही त एक वा दुई वर्ष सम्म पनि ती दुईवटा तालिम केन्द्रहरूमा समय बिताउने गर्थे । ती मध्ये जापानका डा.सन्तोसी उडे, हडकडका डा. ह्यारी फ्याङ, पिट्रो रिकोका डा. हरमन ज्याक फ्ल्स, अर्जेन्टिनाका डा.एलिसिया अमाटे, नर्वे का डा.गुडमन्ड हार्लेम लगायतका अरु धेरै व्यक्तिहरूले अन्तर्राष्ट्रिय पुनर्स्थापनामा योगदान दिएका थिए र रक्ससँग समय बिताएका थिए । यी युवा चिकित्सकहरूले त्यहा

तालिम लिएका वा समय विताएका व्यक्तिहरूसँग बलियो सम्वन्ध बनाएका थिए । ती गतिशील युवा चिकित्सकहरू जो तीन दशकदेखि विश्वभरका पुनर्स्थापना केन्द्रहरूमा सेवा दिँदै अन्तर्राष्ट्रिय पुनर्स्थापना समाजका बरिष्ठ ओहोदामा पुगे र कतिपयले विश्वभरका सरकारका स्वास्थ्य मन्त्रालयका विभिन्न ओहोदामा समेत सेवा प्रदान गर्न सफल भए ।

रस्कले आफ्नो आत्मकथा "हेरचाहका लागि एउटा विश्व" १९७२ मा, हामीले ८५ वटा देशका एक हजार भन्दा बढी डाक्टरहरूलाई तालिम दिएका छौ, जसमध्ये ९५% अभ्यास गर्न स्वदेश फर्किएका छन्, यो उपलब्धि हामीले गर्व लाएक छ भनी उल्लेख गरेका छन् ।

## उदाउँदो ताराको रूपमा विकसित हङकङ कार्यसमिति

सन् १९५८ मा अष्ट्रेलिया समाजका अध्यक्ष केनेथ कोलेसले सिड्नी क्षेत्रको क्षेत्रीय सम्मेलनमा उपयुक्त सहभागिहरूको पहिचान गर्न थाले । हङकङका स्वास्थ्य मन्त्रीले कोलेसलाई राम्रो प्रशिक्षित तर लजालु स्वभावका युवा अर्थोपेडिक सर्जन डा. ह्यारी फ्याङलाई प्रस्ताव गरे । जसले पछि आर.आई.को अध्यक्षको रूपमा सेवा गरेका थिए । फाङ तिनै व्यक्ति हुन जो पहिला चिनको मेनल्याण्डबाट शरणार्थीको रूपमा हङकङ आएका थिए र आफ्नो व्याचको मेडिकल प्रवेश परिक्षामा सहभागी १०० जनाबाट जम्ममा ९ जना पास भएका थिए ती ९ जना मध्ये एक थिए । राम्रोसँग प्रशिक्षित र अन्य देशहरूमा बढ्दो पुनर्स्थापना क्षेत्रको बारेमा जानकारी राख्ने फ्याङले हङहङ सोसाईटी स्थापना गर्न मद्दत गरे र हङकङमा अर्थोपेडिक शल्यक्रियामा विशेषज्ञता हासिल गर्ने पहिलो चिकित्सक भए । सिड्नीमा भएको सम्मेलनमा फाङले हार्वड रक्स, हेनरी केसलर र पुर्नरस्थापनाको आन्दोलनमा संलग्न रहेका अन्य अगुवाहरूसँग पनि भेटे । फ्याङलाई विस्तृत तालिमको आवश्यक थिएन, उनी पहिले नै राम्रोसँग स्थापित भएका थिए । तर यसको सट्टामा उनले पुनर्स्थापना गर्दा राम्रोसँग सेवा गर्न आवश्यक पर्ने महत्वपूर्ण अन्तर्राष्ट्रिय सम्बन्धहरूको विकास गर्न आर.आई.को सिड्नी सम्मेलनलाई भरपुर प्रयोग गरे ।

सन् १९६१ मा हङकङमा एक आकस्मिक बैठकको आयोजना गरियो । जसमा एम. बी. लि. नाम गरेका एक युवा जसले भर्खर सार्वजनिक लेखाको डिग्रीको प्रमाणपत्र प्राप्त गरेका थिए, एक दिन डा.फ्याङको क्लिनीकमा एउटा उपभोक्ताको रूपमा गए । उनले त्यहा डा. फ्याङसँग एक घण्टा भन्दा बढि कुरा गरेर पछि डा.फ्याङले उनलाई उक्त क्लिनीकमा सेवा प्रदायकको रूपमा सूचिकृत गरे । आर.आई. हङकङको नेतृत्वले छिट्टै स्थानीय र क्षेत्रीय दुवै रूपमा महत्वपूर्ण प्रभाव पार्न थाल्यो । उनीहरूले नियमित कोष जुटाउने योजनाहरू बनाए, हङकङ जोकि क्लवसँग नियमित कोष संकलन सम्झौता सहित नयाँ नयाँ कार्यक्रमहरूको संचालन गरी अनुदानहरू प्राप्त गर्न थाले । यसरी हडकडमा आयोजना गरिएका विभिन्न प्रभावकारी अभियानहरूले गर्दा उक्त स्थान अपाङ्गताको लागि एउटा महत्वपूर्ण क्षेत्रीय गतिविधिको केन्द्र बन्यो । किनकी उनीहरू बास्तवमै उक्त कार्यका लागि मेहनत गरेका थिए । त्यसको अलावा डा.फाङ र उनका सहकर्मीहरूले आर.आई.को मुख्यालय म्यानहट्टनको न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघको कार्यालयबाट केहि टाढाको स्थानमा रहेको छ, त्यसलाई आर्थिक सहयोग गर्न महत्वपूर्ण भूमिका खेलेका थिए ।

## सन् १९७० को दशक पहुँचको प्रतिक

१९६० को दशकको उत्तरार्धमा पहुँचयोग्य सुविधाको पहिचानसहितको चिन्हको आवश्यकता भएका विषय धेरै देशहरूमा छलफल गर्ने महत्वपूर्ण कारण बन्यो । त्यस अघि धेरै चिन्ह वा प्रतिकहरू देखा पर्न थालेको कारण भ्रम उत्पन्न भएकोले अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको लागि एउटै प्रतिकको साथ परिचित हुन आवश्यक थियो । कार्ल मोर्टन जो स्विडिस ह्यान्डिक्याप इन्स्टिच्युटका पहिलो निर्देशक र आर.आई. का अन्तर्राष्ट्रिय अध्यक्षले आर.आई.को प्राविधिक आयोगका अध्यक्षलाई सन् १९६९ मा आयरल्याण्डको डब्लिनमा आयोजना हुने ११ औं विश्व सम्मेलनमा अपाङ्गताको पहुँचको प्रतीक नमूना बनाई पेश गर्न भने । त्यस्तो प्रतीक टाढाबाट पनि सजिलै चिन्न सकिने खालको हुन आवश्यक थियो । चिन्हले आफ्नो कार्यको बर्णन प्रष्ट्याउनु पर्ने, सरल, आकर्षक तथा

दोहोरो अर्थ नलाग्ने र प्रयोग गर्न व्यवहारिक रूपले उपयुक्त हुनुपर्ने भन्ने थियो । मोन्टनले उक्त कार्यको जिम्मा लिन सहमती जनाए र उक्त कार्य सम्पन्न गर्न स्क्यान्डेनेभियनका विद्यार्थीहरूलाई जिम्मेवारी तोकिदिए ।

सुसेन कोईफोड एक डेनिस ग्राफिक डिजाइनर विद्यार्थीले उक्त कार्यमा सफलता प्राप्त गरे । उनले डिजाइन गरेको प्रतिक जसमा एउटा सरल आकृतिको लौरोले ह्वीलचियर प्रयोग गरेको, जसमा बिना अवरोधको पहुँचको संकेत थियो । उक्त प्रतीक एक विशेषज्ञ समूहबाट अनुमोदित भएको थियो । विशेष गरी यसलाई कार्ल मोन्टन आफैले केहि परिमार्जन गर्दै "मानवीकरण" गरेर बसेको आकृतिको शीर्षकमा गोलो थपेर त्यसलाई "टाउको" बनाउनुभयो । यसरी टाउको थपेर विज्ञ समूहले सुश्री काईफोडद्वारा डिजाइन गरिएको पँहुचको प्रतिकलाई आधिकारीक रूपमा सन् १९६९मा डब्लिनमा भएको आर.आई.को विश्व सम्मेलनबाट अनुमोदन गरी विश्वसामु प्रस्तुत गरिएको थियो ।

उक्त पहुँचको प्रतिकलाई तत्कालै व्यापक रूपमा स्वीकार गरियो र एक दशक भित्र विश्वव्यापी रूपमा प्रयोग गरिएको एक पहुँचयोग्य सुविधाको साधनको पहिचान प्राप्त गऱ्यो । प्रतिकको सर्वव्यापी ग्रहण र नयाँ अबरोध मुक्त डिजाइनको चहलपहल सबैभन्दा धेरै प्रोत्साहन पाउने एउटा साधन बन्यो । यसै विषयलाई लिएर सन् १९७४ मा संयुक्त राष्ट्र संघको अनुरोधमा रिहाबिलिटेसन इन्टरनेसनलले संयुक्त राष्ट्र संघका विज्ञहरूको बैठक आयोजना गरेको थियो र यस चिन्हलाई विश्वव्यापी रूपमा आधिकारिक मान्यता प्रदान गरियो । यस्तो आधिकारीक स्वीकृति तथा प्रतिकको लागि प्राविधिक सहयोग समेत प्रदान गऱ्यो जुन धेरै वर्ष पहिले अन्तर्राष्ट्रिय मानक संगठन आई.एस.ओ.द्वारा प्रमाणित समेत भएको थियो ।

## समुदायमा आधारित पुनर्स्थापना (सि.वि.आर.)

सि.वि.आर.ले सन् १९४० देखि अपाङ्गताको उच्च प्रविधियुक्त, महँगो र मूलतः शहर केन्द्रित तथा पुनर्स्थापना क्षेत्रमा पेशागत रूपमा उत्कृष्ट व्यक्तिहरूद्वारा गरिने उपचार पद्धतिलाई तोड्दै समुदायमा आधारित पुनर्स्थापनाका कार्यक्रमहरूलाई

जोड दिने संस्थाको रूपमा आफूलाई उपस्थित गरायो । आर.आई. को १९६९ मा भएको डब्लिन विश्व सम्मेलन र यसै सम्मेलनको निर्णय बमोजिम आयोजित विज्ञहरूको बैठकमा वास्तवमा अपाङ्गताका आवश्यकता र आधारभूत सेवाहरू के हुन र तिनीहरूलाई कसरी सरल र आर्थिक रूपमा सहजता प्रदान गर्न सकिन्छ भन्ने दुई वटा अत्यावश्यक प्रश्नहरूको उत्तर खोज्ने पहल गरियो । यी प्रश्नहरू माथिको छलफल पश्चात अपाङ्गता भएका व्यक्ति, तिनका परिवारका समस्याहरू र स्थानीय स्वास्थ्य कर्मीहरूलाई सामान्य पुर्नस्थापना सम्वन्धमा तालिम प्रदान गरियो भने अपाङ्गता भएका व्यक्तिको व्यक्तिगत क्षमता र दैनिक कार्यहरू गर्न सक्ने अवस्थामा महत्वपूर्ण भिन्नता ल्याउन सकिन्छ भन्ने निश्कर्ष निकालिएको थियो । सि.वि.आर.पहिला देखि नै स्थानीयस्तरमा कार्य गर्दै त्यस्ता धेरै कार्यहरू प्रभावकारी रूपमा स्थानीय देखि अन्तर्राष्ट्रिय स्तर सम्म सम्पन्न गरेको भनेर परिचित भैसकेको थियो । सि.वि.आर.मातृस्वास्थ्य र शिशु स्वास्थ्यका कार्यक्रमहरूमा पहिलेनै प्रभावकारी सावित भएको प्राथमिक दृष्टिकोणहरूबाट प्रभावित भै त्यस्तै कार्यहरूमा केन्द्रित थियो । धेरै गरिब देशहरूले व्यावसायिक पूर्वाधारका साथै भवन र संगठनहरूको निर्माणको लागत वहन गर्न सक्दैनन् भन्ने मान्यतालाई अघि सारेर आधारभूत रूपमै अपाङ्ग व्यक्तिहरूलाई सेवा दिनु पर्छ भन्ने सि.वि.आ.को मान्यताले थप समर्थन प्राप्त गर्दै गऱ्यो । आर.आई.ले सन् १९९८ मा प्रकाशन गरेको पुस्तकका अनुसार उसले सन् १९७० देखि नै सि.वि.आर.का अभ्यासहरूको प्रवर्द्धन र विकास गर्न सहयोग जारी राख्यो । (सि.वि.आर.: विश्वव्यापी अभ्यास, दृष्टिकोण, भिडियो तथा अन्य स्रोत सामग्रीहरू, १९९८)

## विश्वमा १० जना व्यक्ति मध्ये १ जना अपाङ्ग

अपाङ्गताले अन्तर्राष्ट्रिय रूपमा स्वास्थ्य र विकासको क्षेत्रमा यसरी फड्को माऱ्यो कि क्षेत्रीय र विश्व व्यापी रूपमा देखाईएका अपाङ्गता भएको व्यक्तिहरूको तथ्याङ्कले यो क्षेत्रमा जवरजस्त रूपमा सहभागि हुन सबै सरोकारवालाहरूलाई अभिप्ररित गऱ्यो । त्यसपछि विश्वका सरकारहरूले आर.आई. का सदस्य संस्थाहरूलाई आ-आफ्नो क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको तत्कालिन

आवश्यकता, सेवाका गुणस्तर र संख्याका वारेका सोधिरहेका थिए भने कतिपय सदस्य संस्थाहरूको यो सूचनाको लागि आर.आई.को केन्द्रिय कार्यालयमा समेत सम्पर्क गरेको थिए । त्यसपछि सन् १९६८ को सुरुमै तत्कालीन महासचिव नर्मन एक्सनले अपाङ्गता भएका व्यक्तिहरूको संख्याको अवधारणा सम्बन्धमा विश्वव्यापी रूपमा विश्लेषण गरे । केहि वर्ष पछि आर.आई. ले विश्व प्यापी रपमा अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धमा सर्वेक्षण गर्‍यो र पत्ता लगायो कि दश व्यक्ति मध्ये एक वा विश्वभरमा करिब ५०० मिलियन मानिसहरू कुनै न कुनै अपाङ्गताको साथ बाचिरहेको तत्थ्य सार्वजनिक गरेको थियो । विश्वव्यापी तथ्याङ्कलाई प्रयोग गर्दै अपाङ्गता भएका व्यक्तिहरूको संख्या र अवस्थाका वारेमा छलफल गर्दा अपाङ्गता विषयले सबैको ध्यानाकर्षण गरायो र अपाङ्गता भएका व्यक्ति र समूहहरूलाई आगामी दुई दशकसम्म अन्तर्राष्ट्रिय विकास चरणमा अघि बढ्नको लागि अनुमति प्रदान गर्‍यो ।

संयुक्त राष्ट्रसंघ र युनिसेफले आर.आई.को अपाङ्गता भएका व्यक्तिहरूको संख्या सम्बन्धी अनुमान स्वीकार गरे र “१० मा १” को विचार लाई बढवा दिन थाले । आर.आई.र युनिसेफ बीचको सहकार्यमा एउटा व्यवहारिक प्रकाशन “दश मा एक” नामक प्रकाशन अंग्रेजी, फ्रेन्च र स्पेनीस भाषामा सन् १९७१ सुरुवात देखि झण्डै २५ वर्ष सम्म प्रकाशित भैरह्यो । जसले आर.आई.र युनिसेफका संयुक्त परियोजनाहरूको प्राविधिक सहयोगको सुरुवाती अवस्थाको जानकारी दिनुको साथै अपाङ्गता भएका बालबालिका र परिवार वा हेरचाहकर्ताहरूमा कसरी परियोजनाहरू निर्माण गरिए र के कस्तो आवश्यकता थिए भन्ने विषयहरू उक्त प्रकाशनमा उल्लेख गरिएको थियो । सन् २००२ मा समुदायमा आधारित पुनर्स्थापना सम्बन्धमा आइ.एल.ओ., युनेस्को, डब्लु.एच.ओ.र युनिसेफद्वारा जारी संयुक्त वक्तव्यमा आर.आई.फेरी सक्रिय भयो । आर.आई.का धेरै राष्ट्रिय सदस्यहरू र सञ्जालहरू जस्तै दक्षिण एसियाली सि.बि.आर. सञ्जाल र जो आर.आई.सँग नजिकबाट आबद्ध छन् उनीहरूले सि.बि.आर.को विकास अभियानमा आफ्नो सहयोग जारी राखेका छन् ।

## रिहाविलिटेसन स्थापनाको पहिलो दशक

आर.आई.ले सन् १९७० को दशकमा अपाङ्गता सम्बन्धी अभियानका लागि विश्वव्यापी उद्देश्यहरूलाई परिभाषित गर्ने कोशिस गर्दै विश्वव्यापी जनमत र पुर्नस्थापनालाई सहयोग गर्ने राजनैतिक संकल्पलाई एकीकृत गर्ने प्रयास गरेको थियो । त्यसैगरी आर.आई.ले राज्य र सरकारका प्रमुखहरू, चर्चका पोपहरू तथा संयुक्त राष्ट्र संघीय प्रणाली एजेन्सीको निर्देशकसँग अपाङ्गता सम्बन्धी दशकौंका घोषणाहरूलाई प्रस्तुत गरी जानकारी दिने काम समेत गरेको थियो । आर.आई.ले आफ्नो घोषणाहरू एउटा नमूनाको रूपमा विकास गरेको थियो, ती नमूनाहरूको महत्व निम्नानुसारका कार्यहरूमा देखिएको थियो । जस्तैः ८० औं दशकको घोषणा पत्र (संयुक्त राष्ट्र संघको विश्व कार्यक्रम कार्यन्वयन) र तेस्रो सहस्राब्दी (१९९९) को लागि आर.आई. वडापत्र सहित अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिको अग्रदुत समेत बन्न सफल भएका थिए ।

## १९८० को दशक

यो दशकसम्म आइपुग्दा यो अभियानमा सहभागी अपाङ्गता भएका व्यक्ति र समूहहरूले आ-आफ्नो अपाङ्गताको प्रकार नै सबैभन्दा जटिल हो भनी अपाङ्गताको प्रकारको आधारमा आफ्ना विषयहरू छुट्टाछुट्टै उठाउदै सहयोग र समर्थन खोजिरहेका थिए । अपाङ्गताको अभियान प्रकारका आधारमा विभाजित थियो र जति महत्व पाउनुपर्ने हो पाएन । तर १९८० का दशकमा आएपछि उनीहरूले महसुस गरे कि हाम्रा अपाङ्गताका आधारमा अभियान विभाजित हुँदा ऐतिहासिक गल्ती भएका रहेछ । त्यसकारण उनीहरू सबै प्रकारका अपाङ्गता व्यक्ति र समूहहरू एकीकृत हुन थाले र एक अर्कालाई सहयोग गर्न थाले । त्यस्तो सहकार्य पहिला कहिल्लै भएको थिएन । त्यस्तो नयाँ र संयुक्त मोर्चाले उनीहरूलाई अभूतपूर्व शक्ति दिएको थियो ।

## विनिपेग सम्मेलन, आर.आईको बडापत्र र अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्ष

क्यानडाको विनिपेगमा भएको आर.आई.को १४ औं विश्व सम्मेलन यस अघिका सम्मेलन भन्दा धेरै सफल भएको थियो । यो नै त्यही सम्मेलन हो, जसले रिहाबिलिटेसन ईन्टरनेसनलको ८० औं दशकको वडापत्र स्वीकृत गरेको थियो । त्यसैगरी त्यही सम्मेलन जसले अर्को वर्षलाई संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय अपाङ्गता वर्षका रूपमा मनाउने योजना र उद्देश्यहरूलाई बलियो बनाउन मद्दत गऱ्यो । त्यसै सम्मेलनमा स्विडेन र क्यानडाका अपाङ्गता भएका व्यक्तिहरूको समूहले बलियो तर्क गर्दै अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय संगठन चाहियो भनेर जोडदार आवाज उठाएपछि अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय संगठन गठन भयो । उक्त सम्मेलनले नयाँ अध्यक्षको रूपमा डा. ह्यारी फ्याङलाई निर्वाचित गऱ्यो जसले त्यो छिन्नभिन्न भएको अपाङ्गता भएका व्यक्तिहरूको अभियानलाई एकिकृत गरेर सबैको विश्वासमा अगाडि बढाए । डा.फ्याङ्ग एक कुशल सँगठक र उनमा आर.आई.ले के गर्नुपर्छ भन्ने स्पष्ट दृष्टिकोण थियो ।

विनिपेग विश्व सम्मेलनको सबैभन्दा महत्वपूर्ण र सफल कार्य भनेको यसले अपाङ्गता भएका व्यक्ति र समुदायको लागि को बोल्नु पर्ने हो भन्ने विषय उठाउन महत्वपूर्ण विश्व मञ्चको रूपमा कार्य गर्न सफल भयो । उक्त सम्मेलनमा केहि व्यक्तिहरू जो अपाङ्गता अधिकारको आन्दोलनमा महत्वपूर्ण भूमिका निभाएका युवा, उज्वल, उर्जावान व्यक्तिहरू जो आगामी दशकहरूमा पनि अपाङ्गताका विषयहरूमा आगाडि दिनमा पनि प्रभावकारी हुन सक्थे त्यस्ता व्यक्तिहरूको सहभागिता भने उक्त सम्मेलनमा भएको थिईन । तथापि आर.आई ले यी केही अभियान्ताहरूसँग पहिला १०८० को देशकको अन्त्यतिर क्षेत्रीय स्तरमा र पछि १९९० तिर अन्तर्राष्ट्रिय स्तरमा पुनः सहकार्य सुरु गरेको थियो ।

आर.आई.को ८० औं दशकको बडापत्रमा मुख्य गरी चारवटा विषयहरूलाई बाहिर ल्याईएको छ । ती विषयहरूमा: अपाङ्गताको रोकथाम, पुर्नस्थापनाका सेवाहरूको प्राबधान, समान सहभागिता र जनचेतनाको वृद्धि रहेकाछन ।

वडापत्रले विश्वव्यापी पुर्नस्थापनामा सरकारहरूले अबलम्वन गरेका अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक, राजनीतिक सहभागिता, कल्याणकारी सार्वजनिक नीतिहरू र सक्रियताको अवस्था उक्त बडापत्रमा प्रतिबिम्वित भएको थियो । उक्त वडापत्रका प्रतिलिपिहरूलाई भारतकी इन्दिरा गान्धी, ग्रेट ब्रिटेनकी मार्गरेट थ्याचर, जोर्डनका युवराज, न्युजिल्याण्डका गभर्नर, जापान, अष्ट्रेलिया र चिनका प्रधानमन्त्री र पोप जोन पललाई समेत प्रदान गरिएको थियो ।

अपाङ्गता भएको व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्ष (IYDP) को आयोजना हुनुमा रिहाविलिटेसन इन्टरनेसनलको सशक्त प्रभाव परेको थियो, जुन वडापत्रको विकाससँग समेत नजिकबाट जोडिएको थियो । रिहाबिलिटेसन इन्टरनेसनलले अपाङ्गता भएका व्यक्तिहरूका लागि विश्व कार्यक्रमको मस्यौदा तयार गर्ने र अपाङ्गता भएको व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्षका क्रममा पर्दा पछाडिबाट महत्वपूर्ण भूमिका खेलेको थियो । आर.आई. सन् १९८१ मा टोकियोमा भएको पहिलो अन्तर्राष्ट्रिय एबिलिम्पिसको तयारी र सञ्चालनमा गहिरो रूपमा संलग्न थियो । जापानका श्री हिडेओ होरीको भनाई अनुसार एबिलम्पिस् अपाङ्गता भएका व्यक्तिहरूको कार्यस्थलमा व्यावसायिक क्षमतालाई प्रदर्शन गर्नका लागि डिजाइन गरिएको थियो । डा.ह्यारी फ्याङ र जापान सौर्य उद्योगका संस्थापक डा.युटाका नाकामुराकोसको बलियो समर्थनको कारण टोकियोमा भएको पहिलो एबिलिम्पि्को कार्यान्वयनमा सफलता मिल्यो जुन अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्षको प्रमुख कार्यक्रम बन्यो ।

## आर.आई.को क्षेत्रीय विकास

आर.आई.ले अन्तर्राष्ट्रिय स्तरमा एकैसाथ गरेका कार्यहरूक (जस्तैः८०औ दशकको वडापत्र र (ग्ल क्ष्थ्मए० साथै शिक्षा, मानोविज्ञान, रोजगारी मूलक प्रशिक्षण, पहुँच र चिकित्सा विज्ञानबाट पुनर्स्थापनामा प्राप्त नयाँ सफलताहरूको कारण राष्ट्रियस्तरमा अपाङ्गता सम्बन्धी नयाँ नयाँ नीति तथा कार्यक्रमको निर्माण हुनथाले । आर.आई.का उपाध्यक्षहरू, राष्ट्रिय सचिवहरू र पेशागत आयोगका सदस्यहरूले देशहरूमा अपाङ्गता भएका व्यक्तिहरूले मूलधारमा मिलेर जीवन जीउन सक्षम हुन भनी नयाँ आयामहरू ल्याउन धेरै मेहनत गरेका थिए ।

प्रत्येक महादेशमा सन् १९७० देखि १९९० सम्म त्यस्ता व्यक्तिहरू थिए जो पछि आ.आई.को अन्तर्राष्ट्रिय व्यक्तित्व समेत बनेका थिए । जस्तैः एसियाली प्रशान्त क्षेत्रमा हङकङ, जापान, र अष्ट्रेलियाका नेताहरू उदाहरणका रूपमा लिन सकिन्छ ।

कुवेतले अरब क्षेत्रको तर्फबाट प्राम्भिक नेतृत्वमा आएर उदाहरण पेश गरको थियो । अपाङ्गता भएका व्यक्तिहरूको लागि कुवेत समाज सन् १९७६ मा आर.आई.मा सामेल भयो । अरव समाज र आर.आई. बिचको आपसी सहयोग सन् १९८४ देखि सुरु भयो, जब डा.मुनिरा अल कट्टामी अरब क्षेत्रका लागि आर.आई. को उपाध्यक्ष निर्वाचित भए र केवेतका लागि सुश्री मुनिरा अल-मुतावा RI राष्ट्रिय सचिवको रूपमा निर्वाचित भइन् । सुश्री मुनिरा आर.आई.को शिक्षा आयोग र RI-ICTA ग्लोबल आयोगमा पनि सामेल भ्ईन । उनै मुनिरा पछि RI अरव क्षेत्रको क्ष्ऋत्ब अध्यक्षमा निर्वाचित भइन् । आर.आई.को अरव क्षेत्रका उपाध्यक्षहरू अरब १९९० देखि आजसम्म निर्वाचित हुनेहरूमा शेख अब्दुल्ला अल घानिम साउदी अरेबीया, डा. इसा अल-सादी कुवेत, श्री खालेद अल–मोहतार लेबानन र श्री हसम ताकि कुवेत रहेका छन् ।

माथि उल्लेख गरिएका व्यक्तिहरू कतिपय व्यक्तिगत रूपमा र स्वयम्सेवकका रूपमा संलग्न थिए । उनीहरूले उक्त क्षेत्रको लागि र आर.आई.को कोषको लागि आफैमा धेरै सहयोग गरेका थिए भने, त्यस्तै सहयोग एशिया प्रशान्त लगायतका अन्य क्षेत्रमा पनि भएको थियो । उदाहरणका लागि श्री मुनीरालाई "Sir Harry Fang Empowerment Award" पुरस्कार अपाङ्गताको अधिकार र समावेशी नेतृत्वको लागि २००९ मा र २०१२ मा उनले आर.आई.को ९० औ बार्षिकउत्सवको अवसरमा "RI President Award for Exemplary Services" इन्चोन कारियामा प्राप्त गरिन । श्री मुनिराले यी सम्मानहरू पाउनुमा उनले अध्ययन प्रकाशन र परियोजनाहरूका लागि महत्वपूर्ण आर्थिक सहयोग गरेकी थिईन । जस्तैः (IRR साराशं संस्करण, २००९), (सि.आर.पि.डि.को लागि दोस्रो चरणको आर.आई.ग्लोवलको वकालत अभियान र आर. आई.को १०० औ जन्मदिनको उत्सवहरू समावेश छन् ।

कुवेत समाजबाट श्री ताकी पनि १९७६ देखि आर.आई.मा संलग्न थिए । उनी आर.आई. भित्रका विभिन्न समयमा विभिन्न ओहोदामा नेतृत्व प्रदान गरेका थिए । जस्तैः शिक्षा आयोग, आर.आई. मनोयन समिति, क्षेत्रीय सह-उपाध्यक्ष र क्षेत्रीय उपाध्यक्ष आदि । नेतृत्वदायी भूमिकाका अलावा उनले आर.आई.लाई महत्वपूर्ण पारिवारिक सहयोग उपलब्ध गराउनुको साथै अन्तर्राष्ट्रियस्तरमा चिनाउन समेत भूमिका खेलेका थिए । (आर.आई.फाउन्डेसन, आर.आई. शताब्दी समिति आर.आई. अप्रेशन आदि) ।

आर.आई.का क्षेत्रीय नेतृत्वहरू त्यस्ता गतिविधिहरूमा आ-आफ्नै सकृयता र सहयोग गर्न आवश्यक छ । केहि व्यक्तिहरूले आफ्नो कामलाई आर.आई.को कामसँग सशुल्क मिलाउदछन्, केहीले मिलाउदैनन् । आ.आई.का क्षेत्रीय समितिहरूमा भएका यस्ता लचकताका प्रयासहरू उल्लेखनीय छन् । अरब क्षेत्रको योगदान र गतिविधिहरूका वारेमा अरबको विस्तृत रिर्पोट (५ पृष्ठहरू) आर.आई.को लिङ्कमा क्लिक गरेर पढ्न सकिन्छ ।

## १९९० को दशक

९० औं दशकमा आईपुग्दै गर्दा उठका अपाङ्गता सम्बन्धी विश्वव्यापी मुद्दाहरूले आर.आई. मा प्रभुत्व जमाउन जारी राखेः ती मुख्य मुद्दाहरूमा अपाङ्गता सम्बन्धी विकास, रोजगारी, अपाङ्गता भएका बालबालिकाहरूको अधिकार र अपाङ्गता भएका महिलाहरू आदि थिए ।

## नैरोबी बैठक

सन् १९९२ मा आर.आई.ले आफ्नो विश्व सम्मेलन पहिलो पटक नैराबी, अफ्रिकामा आयोजना गऱ्यो जसमा २००० भन्दा बढि प्रतिनिधिहरूलाई सहभागीको अवसर दियो । यस सम्मेलनले धेरै विकासका साझेदारहरूबाट सहयोगहरू आर्कषित गऱ्यो । यस सम्मेलनले विशेष गरी अपाङ्गताको पहुँच योग्य नैराबी बनाउन र स्थानीयस्तरमा प्रविधि तथा आत्मनिर्भताको ज्ञानमा सुधार ल्याउन पहल गऱ्यो । उक्त सम्मेलनमा न्युजिल्याण्डका जोन विलियम स्टट रिहाबिलिटेसन ईन्टरनेसनलको अध्यक्ष पदमा निर्वाचित भए । उनी सबैभन्दा कम उमेरमा

निर्वाचित हुने अध्यक्ष मात्र होइन, त्यो पदमा सेवा गर्ने पहिलो अपाङ्गता भएका व्यक्ति पनि थिए ।

सम्मेलनमा स्टट आर.आई.को अध्यक्ष हुनुमा उनले न्यूजील्याण्डको अपाङ्गता भएका व्यक्तिहरूको सभा (DPA-NZ) को गठनमा आफ्नो बलियो हात रहेको र त्यसका लागि आफुले गरेको योदानको अनुभव ल्याए जसले अपाङ्गता भएका व्यक्तिहरूको हितलाई सफलतापूर्वक अपाङ्गता भएका व्यक्तिहरूको तर्फबाट काम गर्ने मानिसहरूसँग जोड्यो । अध्यक्ष स्टोटको संगठनात्मक सिद्धान्त "हामी बिना हाम्रो केही छैन" भन्ने थियो । जसले गर्दा उनको नेतृत्व र आर.आई.का अन्य क्षेत्रहरूसँगको काममा सो सिद्धान्त प्रतिबिम्बित भएको थियो । यो सिद्धान्त उनले "अपाङ्गता भएका व्यक्तिहरूको लागि" हो भनि राखेका थिए जुन गर्वका साथ आर.आई.का लेटरहेडमा पनि राखिएको थियो ।

अध्यक्ष स्टोट आर.आई.को एक रणनीतिक योजनालाई छिटो अनुमोदन गर्ने उद्देश्यले कार्यालयमा आएका थिए जसले संस्थालाई मार्गदर्शन गर्दछ । त्यो रणनीतिक योजना आयरल्याण्डका आर्थर ओ'रेलीको नेतृत्वमा रहेको सानो समूहद्वारा परिकल्पना र विकास गरिएको थियो, जसले जोन स्टोटलाई अध्यक्षको रूपमा सफल बनाएको थियो । यो सन् १९९४ मा प्रकाशित भएको थियो जसले आर.आई.को सन् २००० को आगामी कदम भनी उल्लेख गरिएको थियो । यो योजनाले संगठनलाई उसका नीति र लक्ष्यहरू सोचेर सिद्धान्त र रणनीतिहरू निर्माणमा सहयोग गरोस् भन्ने उद्देश्य थियो । यसरी नयाँ रणनीतिक योजना निर्माण गर्नुको कारण कम्तिमा यसले एक दशकको काम गरोस र समय समयमा यस्ता रणनीतिक योजना र सिद्धान्तहरू परिवर्तित समय र नयाँ परिस्थिति अनुसार परिमार्जन हुदै जानुपर्छ भन्ने अवधारणलाई आत्मसाथ गरिएको थियो । त्यसपछिका अध्यक्षहरूले पनि यसरी नै योजनाहरू निर्माण गर्न थाले । अनि आर.आई.को बोर्डमा अनुमोदन गराई आर.आई.का सदस्यहरू र कर्मचारीहरूलाई निर्देशित गर्ने नीति बनाए ।

सुशान पारकर नयाँ व्यक्ति जो आर.आई. को पाचौ महासचिव भएकी थिईन उनलाई तत्कालिन अमेरिकी राष्ट्रपति जर्ज डब्लु.एच.बुश.ले सन् १९८९ मा

अमेरीकी सामाजिक सुरक्षा प्रशासनको अपाङ्गता सम्बन्धी आयुक्तको रूपमा नियुक्त गरे । उक्त आयुक्त पदमा सुशानको कार्यकाल १९९३ को राष्ट्रपति बुसको कार्यकाल सकिएसँगै समाप्त भएको थियो । सन् १९९३ को अन्ततिर आर.आई.को महासचिव सुसन ह्यामरम्यानले पार्करलाई प्रतिष्थापन गरे जो उक्त पदमा १० वर्ष सम्म रहे । सुसन ह्यामरम्यान उक्त पदमा नियुक्त हुनुअघि अमेरिकाको पिसकोर्षमा दुई वर्षका लागि नेपालको पहिलो बहिरा बालबालिकाको विद्यालयमा काम गरेर फर्किएकी थिईन । उनलाई डब्लिनमा भएको आर.आई.को बिश्व सम्मेलन १९६९ मा कर्मचारीको रूपमा नियुक्त गरिएको थियो । किनकी आर.आई.ले विकासोन्मुख देशहरूमा काम गर्न आवश्यक भएको थियो । त्यो वेला जोन स्टोट, किवी ह्यान्ड्स अनका अध्यक्ष र नयाँ महासचिवले आर.आई. बोर्डका निर्णयहरू अनुसार व्यवस्थापनलाई सुव्यवस्थित गर्न र स्थिति अवस्था निक्योलका कार्यक्रमहरूलाई प्राथमिकतामा राख्ने विषयमा छोटो काम गरे ।

सन् १९९० को दशकको मध्ये वर्षहरूमा आर.आई.का मुख्य प्राथमिकताहरूमा आर.आई.का कार्यक्रमहरूसित संयुक्त राष्ट्र संघसँग विश्वव्यापी रूपमा र न्युयोर्क कार्यालयसँगको सम्बन्धलाई पुनर्जीवित गर्नु थियो । लामो समय देखि संयुक्त राष्ट्र संघीय प्रणालीमा काम गरेका र आर.आई. आफ्नै संस्थाका पुराना सहकर्मीहरूको समेत स्थान परिर्वतन भएको । थियो उनीहरू मध्ये कोहिको ओहोदा परिवर्तन भएको थियो भने कोही सेवा निवृत भएका थिए । जसका कारण आर.आई. र संयुक्त राष्ट्र संघ बिचका सम्बन्धहरू हराउँदै गएका थिए । त्यसैले आपसी सम्बन्ध पुनर्निर्माण गर्न आवश्यक थियो । लामो समय देखि संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषदसँगको दोस्रो दर्जाका परामर्श दाताको सम्बन्धका आधारमा आर.आई.का महासचिव, कार्य समिति तथा सदस्यहरू सबै जना सन् १९९५ मा आयोजना गरिएको सामाजिक विकासका लागि विश्व सम्मेलनको ३ वटा तयारी बैडकहरूमा पूर्ण रूपमा सहभागी हुन गए । यसको मुख्य उद्देश्य भनेको आर.आई. का सदस्यहरू जो जसले आ-आफ्ना सरकारहरूलाई जनसंख्या सम्बन्धी विश्व शिखर सम्मेलनको भावना अनुरूप अपाङ्गता सम्बन्धी समावेशी अवधारणलाई कार्यान्वयन गर्न प्रभावित गर्न सकुन भन्ने थियो । त्यसै अनुरूप आर.आई.का सदस्य संस्थाहरू आफ्नो तर्फबाट

त्यस्ता बैठकहरूमा सहभागी भै आफ्ना प्राथमिकताहरूलाई अगाडि सारे । त्यसैगरी आर.आई.ले आफ्नै परामर्शदाताको हैसियत प्रयोग गरेर अपाङ्गताको क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्न पुग्यो । जस्तैः विश्व दृष्टिविहिन संघ, विश्व बहिरा महासंघ, इन्क्लुजन इन्टरनेशनल, अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय महासंघ, अपाङ्गता भएको व्यक्तिहरूको जनअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघको विशेष प्रतिवेदक (Miss Bengt Lindqvist) आदि । प्रतिवेदक कै पहलमा न्युयोर्क मा रहेको आर.आई.लाई त्यहा हुने ठुला र साना सभाहरूमा नियमित उपस्थितिको अनुमति दिएको थियो । आर.आई.ले प्रतिवेदकलाई अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिहरू र आर.आई. बोर्ड सदस्यहरूको बिचमा भएको बैठकको जानकारी गराई उनलाई पनि आमन्त्रण गरे । त्यसरी संयुक्त राष्ट्र संघको प्रणाली र प्रतिवेदन एवम् गैर सरकारी क्षेत्रको पहलका कारण अपाङ्गता भएका व्यक्तिहरूको लागि समावेशीता दिगो विकासका लागि विश्व सम्मेलनको कार्ययोजना र घोषणपत्रमा समावेश गरियो । जसलाई संयुत्र्क राष्ट्र संघका ११४ सदस्य राष्ट्रहरूले हस्ताक्षर र अनुमोदन गरेका थिए । यो विषय आर.आई.र युनिसेफको संयुक्त प्राविधिक सहयोगको परियोजनामा सामेल भयो, जसले विश्वव्यापी द्वन्द्वको असरवाट अपाङ्गता भएका बालबालिकाको वस्तुपरक अवस्था देखिने एउटा उच्चस्तिरीय कार्यशाला आयोजना गरेर प्रष्ट देखाईदिएको थियो ।

त्यसैगरी आर.आई.को अर्को प्राथमिकता भनेको न्यून विकाससील देशहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि व्यवहारिक परियोजनामा काम गर्नु थियो । आर.आई.ले १९९५–१९९६मा बालबालिकाहरूमा सशस्त्र द्वन्दको प्रभावको बारेमा विशेष प्रतिवेदनका सम्बन्धमा बालबालिका सम्बन्धी संयुक्त राष्ट्र संघीय प्रतिवेदक मेमेसँग विशेष साथ लियो । ग्रासा माकेल (पूर्व प्रथम महिला र उनको देश मोजाम्बिकको शिक्षामन्त्री समेत थिइन्) ले नयाँ सिराबाट कामहरू सुरु गर्दै द्वन्द्वग्रस्त देशहरू सियरा लियोन र लाइबेरियाबाट भ्रमण सुरु गरे । साथै उनले युनिसेफका पश्चिम अफ्रिकी निर्देशक, बालबालिकासम्बन्धी विशेष प्रतिवेदक माचेल र आर.आई. का महासचिवले तत्कालिन सिएरा लियोनका निर्देशकलाई भेटेर त्यहाका शासकलाई यदि उनले बास्तविक शान्ति चाहन्छन्

भने त्यहा बन्धक बनाईएका ५०० बाल सैन्यलाई सन् १९९५ अगाबै मुक्त गराउन मनाउनु थयो । आर.आई. सहितको उक्त टोलीले सन् १९९५ को डिसेम्बरमा ती बालसैन्यलाई मुक्त गराउने कार्यमा सफलता प्राप्त गरे ।

आर.आई. तेश्रो प्राथमिकता भनेको कोष संकलन थियो । आर.आई.ले सन् १९९६ मा अन्तर्राष्ट्रिय विकासको क्षेत्रमा एउटा महत्वपूर्ण स्थान बनाएको थियो । जसका कारण अमेरिकी अन्तर्राष्ट्रिय विकासको सहयोग संस्थाको कार्यक्रमसँग अर्थपूर्ण सहयोग गर्न सक्षम संस्थाको रूपमा आर.आई. पनि भएकोले उक्त संस्थाका विशेषताहरूलाई कार्यान्वयन गर्न सम्बन्धित देशहरू र निकायहरूले अनुमति दिन्छन् भने आर.आई.लाई त्यसको कार्यान्वयन गर्ने महत्वपूर्ण निर्णय गरेको थियो । त्यसपछि आर.आई.ले विभिन्न परराष्ट्र मामिला परिष्दहरू, विकास संगठन र विकासको लागि अन्तर्राष्ट्रिय जर्नलहरूबाट आर. आई.को कामको बारेमा लेख्न र बोल्न निमन्त्रणा आउन थाल्यो ।

आर.आई. को र अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय प्लस संगठन एक साथ अघि बढिरहेका थिए । धेरै अपाङ्गता भएका व्यक्तिहरूले दुवै संस्थालाई उपयुक्त सम्बन्ध कायम राख्न भनिरहेका थिए । ती व्यक्तिहरू जसले आर.आई.लाई यसले अङ्गिकार गरेको अपाङ्गता अधिकारको दृष्टिकोणलाई जारी राख्न सहयोग पुऱ्याए । त्यस्ता व्यक्तिहरूमा जस्टिन डार्ट (जसले सुसन ह्यामरम्यानसँग नजिकबाट काम गरे, फेन सेटन (जोन स्टोट भन्दा पछिल्लो अध्यक्ष), जोन स्टोट, टम्बो कामरा (मौरिटानीया), चिनका देङफुफाङ (जसले चिनियाँ अपाङ्ग महासंघलाई आर.आई.र अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय संगठन प्लसमा सामेल बनाएका थिए), बेङ्ग लिन्डमिस्ट (न्युजिल्याण्ड अपाङ्गता भएको व्यक्तिहरूको सभाको सदस्य), जापानका अधिवक्ताहरू (जसले आर.आई.र अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय संगठन प्लसमा योगदान गरेका थिए), हङकङका पिटर चाङ, अपाङता अधिकार आयोजक एक जना, बर्ट मासिय आर.आई. युरोप क्षेत्रका उपाध्यक्ष, दक्षिण अमेरिकाका अपाध्यक्ष रोजेन्जेला वर्मन बिलर र अमेरिकाका लेक्स फ्राइडेन जो पछि सन् २००० मा आर.आई.को अध्यक्ष बनेका थिए, आदि ।

आर.आई.र अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय संगठन प्लस तथा अन्य अपाङ्गताको प्रवी गर्ने नेतृत्वदायी संस्थाको बढ्दो घनिष्ट सम्बन्धको असर सन् १९९० को मध्येतिर देखिन थाल्यो । त्यसछि विभिन्न सम्मेलन र कार्यक्रमहरूका संख्यामा वृद्धि हुँदै गयो । जसलाई आर.आई.र अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय संगठन प्लसबाट संयुक्त रूपमा आयोजना र सहयोग गरेका थिए । त्यस्ता संगठनहरू मध्ये वासिङटन डि.सि.मा रहेको महिला नेतृत्व फोरमले १९९७ मा विश्व भरका ७०० जना अपाङ्गता भएका महिलाहरूलाई आकर्षित गरेको थियो ।

## अन्तर्राष्ट्रिय अपाङ्गता भएका व्यक्तिहरूको दशकको अन्त्य र क्षेत्रीय दशकहरूको सुरूवात

अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दशक (१९९३–२००२) को समापनसँगै संयुक्त राष्ट्र संघीय आर्थिक र सामाजिक आयोग (UN-ESCAP) एसिया प्यासिफिकले अपाङ्गता भएका व्यक्तिहरूको लागि पहिलो क्षेत्रीय दशक कार्यान्वयन गर्ने निर्णय गऱ्यो । आर.आई.का क्षेत्रीय संस्थाहरूले क्षेत्रीय दशकको लागि आगामी लक्ष्य निधारित गर्न प्रमुख भूमिका खेले । उक्त दशकको लागि जापानले विशेष सहयोग गरेको थियो, उसले आर्थिक रकम मात्र प्रदान गरेर होइन महत्वपूर्ण नेतृत्वदायी व्यक्तिहरू समेत यसमा सहभागी भए । त्यस्तै यो दशक (२०००–२००९) अफ्रिकामा पनि स्वीकार गरियो र त्यस क्षेत्रमा जनचेतना अभिवृद्धि गरी गरिबी निवारणमा जोड दिन, अपाङ्गता भएको व्यक्तिहरूको आवाजलाई बलियो बनाउन र अफ्रिकी सरकारहरूमा सामाजिक, आर्थिक र राजनैतिक एजेण्डामा अपाङ्गताको विषयलाई समावेश गर्न कार्यक्रम अगाडि बढाइयो ।

## अपाङ्गता अधिकार सम्वन्धी महासन्धिको खोजी र तेस्रो सहशताब्दीको लागि वडापत्र

सन् १९९९ मा आर.आई.ले अपाङ्गताको अधिकारका सम्वन्धमा महासन्धिको आवश्यकताका वारेमा फेरी आवाज उठाउन थाल्यो । जसले अपाङ्गतालाई पूनः एक पटक विश्वभरमा परिचित गराउन सहयोग गर्नु थियो । आर.आई.ले

तेस्रो सहशताब्दीको वडापत्रलाई प्रर्वद्धन गर्ने साधनको रूपमा अपाङ्गता भएका व्यक्तिहरूको लागि संयुक्त राष्ट्र संघीय महासन्धिको अवधारणाको विकास र त्यसको माध्यमबाट विकासका साझेदारहरूलाई समेत त्यसै नीति नियमहरू बनाई अपाङ्गताको पहुँच योग्य बातावरण बनाउन सन्धी मार्फत बाध्य बनाउन पहल गर्नु थियो । उक्त बडापत्रलाई सन् १९९९ मा लन्डनमा विमोचन गरिएको थियो । त्यसपछि उक्त वडापत्र आर.आई.का अध्यक्ष आर्चर ओ रेलीले संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्च आयोगका आयुक्त मेरी रोबिन्सन र संयुक्त राष्ट्र मानव अधिकार आयोगको महामहिम अध्यक्ष राजदुत एन्डरसनलाई जेनेभामा आयोजित प्रस्तुत गरेका थिए । त्यस लगत्तै उनीहरूले उक्त बडापत्रको विकास र कार्यान्वयको वारेमा समिक्षा गर्न एक उच्चस्तरिय टोली गठन गरिएको थियो जसमा ८० औ दशकको वडापत्रको अध्यक्ष भएका लर्ड मोरिस, आर्कबिशप डेसमन्ड टुटु, भौतिक शास्त्री स्टिफिन हकिङ र चीनका देङ फूफाङ पनि समावेश थिए । यो कार्यदल ले तयार गरेको प्रतिवेदन विशेष रूपमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको लागि संयुक्त राष्ट्र संघीय महासन्धिको प्रक्रिया अघि बढाउनका लागि थियो ।

सन् २००१ डिसेम्बरमा मा संयुक्त राष्ट्र संघको महासभाले ग्रहण गर्दै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र प्रतिष्ठालाई अन्तर्राष्ट्रिय रूपमा संरक्षण र प्रवर्द्धन गर्न विस्तृत महासन्धिको मस्यौदा तयार गर्न एक कार्यदल गठन गर्ने निर्णय गऱ्यो । लगातार ४ वर्षको मेहनत पछि संयुक्त राष्ट्र संघको महासभाले सन् २००६मा उक्त महासन्धिको मस्यौदालाई पारित गरेपछि विश्वव्यापी रूपमा २००८ मा अनुमोदन भयो ।

## महासन्धिको कार्यान्वयनमा जोड र अन्य पहलहरू

सन् २००६ डिसेम्बरमा अपाङ्गता भएका व्यक्तिहरूको लागि संयुक्त राष्ट्र संघीय महासन्धि (सि.आर.पि.डी.) को ग्रहणसँगै आर.आई.ले उक्त महासन्धिलाई बिना आरक्षण हस्ताक्षर र अनुमोदन गर्न विभिन्न दबाब मुलक कार्यक्रमहरू सञ्चालन गरको थियो । मानव अधिकारको प्रवर्द्धनमा सहभागी संस्थाहरूबाट आएको कोष मार्फत् आर.आई. उक्त कार्यमा सक्रिय रूपमा संलग्न भयो । आर.आई.ले

विश्वव्यापी रूपमा सन्धि अनुमोदनका लागि पैरवी अभियानहरू सञ्चालन गर्दा सरकारका प्रतिनिधिहरू लागि ठाउँ प्रदान गऱ्यो भने अपाङ्गता भएका व्यक्तिहरूको संगठनहरू र कानूनी अभियान्तहरूलाई बोल्नका आमन्त्रण गर्दै उनीहरूसँगको सहकार्यवाट विद्यमान स्थानीय कानूनहरूलाई उक्त महासन्धिले परिकल्पनाको अवधारण अनुरूप परिमार्जन गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरको थियो ।

## अपाङ्गता भएका व्यक्तिहरूको अधिकार कार्यान्वयनका लागि आर.आई.को वडापत्र

सन् २००९मा आयोजित आर.आई. को महासभामा आर.आई.को वडापत्र ग्रहण गरेको थियो, जसले अधिकार कार्यान्वयनका लागि विश्वभर अपाङ्गता भएका व्यक्तिहरूलाई जागरूक र सशक्तिकरण गर्न र सि.आर.पि.डी.मा समावेश व्यवस्थाहरूको कार्यान्वयनका लागि लक्षित गरिएको थियो ।

## आर.आई.को दोश्रो महिला अध्यक्ष जो अपाङ्ग थिईन र बिकासोन्मुख देशको तर्फवाट प्रतिनिधित्व गर्न सक्षम भईन

हाइदी जियाङ्ग विकासन्मुख देशबाट आएकी पहिलो र आर.आई.को दोस्रो महिला अध्यक्ष भइन् । सन् २०१४ मा पोल्याण्डको वार्सामा भएको वार्षिक साधारण सभामा उनी निर्वाचित भएकी थिइन् । उनले आर.आई. को अध्यक्षता गरेसँगै आर.आई.को २३ औं विश्व सम्मेलन २०१६ को अक्टोवरको अन्त्यतिर स्कोटल्याण्डको इडनवर्गमा हुने अनुमान समेत गरियो । जियाङलाई ५ वर्ष को उमेरमा उनका दुवै खुट्टामा पक्षघात भएको थियो । स्कुल जान सकिनन् । उनी आफैलाई विश्वविद्यालय स्तरको शिक्षित बनाईन । उनले धेरै विदेशी भाषाहरू सिकिन् जस्तैः अंग्रेजी, जापानी, जर्मन र स्पेनिस आदि । उनीले सन् १९८० देखि लेख्न र अनुवाद गर्न थालिन् । उनको लेखनको माध्यमबाट आफ्नै जीवन कहानी सुन्दर रूपमा अंग्रेजी र चाइनीज भाषामा लेखिन । उनी ह्वीलचियर्समा सपनाहरू नामक उपन्यासको लेखिका पनि हुन । जियाङ ले जिलिन विश्वविद्यालयबाट दर्शनशास्त्रमा स्नाकोत्तर समेत गरिन् ।

## अपाङ्गता भएका व्यक्तिहरूको क्षमतालाई फरक तरिकाले चिनाउने दृष्टिकोण सहितको नयाँ नेतृत्व

आर.आई.को नयाँ अध्यक्षसँग संस्थाको प्रमुखको रूपमा के गर्नु पर्छ र किन नेतृत्वमा आई भन्ने प्रष्ट दृष्टिकोण थियो । उनले प्रष्ट कार्ययोजना तय गरेकी थिईन जसलाई आफ्नो देशमा काम गर्दाको अनुभवले सिकायो कि आर्थिक पक्ष संस्था सञ्चालन र गतिविधिहरूको कार्यान्वयनमा एउटा अति महत्वपूर्ण पक्ष हो । उनलाई यो पनि थाहा थियो कि आर.आई.को काम सि.आर.पि.डी.द्वारा निर्देशित, दिगो विकास लागि प्रस्तावशरु २०३० र आर.आई.को रणनीतिक योजना २०१७–२०२१ मा आधारित भएर अगाडि बढ्नु पर्छ भन्ने । उनको कार्यकालको पहिलो वर्षमा उनले विश्वव्यापी अपाङ्गता भएका व्यक्तिहरूको विकास र अफ्रिकाका अपाङ्गता भएका व्यक्तिहरू लागि बहुबर्षिय योजना र कोषको व्यवस्था गर्न सफल भईन । यी दुवै कोषको प्रयोग अपाङ्गता र पुनर्स्थापना पहलमा सर्मथन गर्ने उद्देश्य थियो । उनको दृष्टिकोण स्पष्ट थियो कि कोषद्वारा सर्मर्थित कुनै पनि कुरा अपाङ्गतासँग सम्बन्धित हुनुपर्छ । उनी अपाङ्गता भएका व्यक्तिहरू विशेष गरी महिला र बालबालिका जुन उनको रेखदेखमा आर.आई.अर्न्तगतको विश्वव्यापी कार्यको केन्द्रविन्दु हुन्, त्यसलाई सुनिश्चित गर्न चाहन्थिन् । सन् २०१८ मा आर.आई.को अवस्था धेरै सक्रिय र राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय रूपमा प्रष्ट देखिन थाल्यो । उनले यो अभियानलाई खास गरी अफ्रिकामा तीव्र रूपले बढाउन चाहिन, किनकी त्यो क्षेत्र उनको हृदयमा छापिएको थियो । आर.आई.ले ल्याटिन अमेरिका पनि धेरै कामहरू गर्नु थियो त्यहाँका धेरै देशहरू सि.आर.पि.डी.को अनुमोदन गरका थिए । आर.आई.का अध्यक्ष र कार्यसमितिले ल्याटिन अमेरिकामा आर.आई.को संलग्नता र सहयोग बढाउने काममा बढी लाग्ने आश्वासन समेत दिएका थिए । विश्वव्यापी अपाङ्गता भएका व्यक्तिहरूको विकास काषले अपाङ्गता भएका व्यक्तिहरूलाई सकेसम्म सहयोग गर्न र त्यस्तो पहल गर्ने योग्य संस्थालाई समेत मद्दत गर्ने गर्दछ ।

## आर.आई.ले आफ्नो १०० औं वार्षिकोत्सवको तयारी गर्दै

रिहाबिलिटेसन ईन्टरनेसनलले आफ्नो १०० औं वार्षिकोत्सव २०२२ मा मनाउदै छ जुन केवल ४ वर्ष टाढा छ । उत्सव मनाउन संस्थाले विभिन्न गतिविधिहरू र उपलब्धिहरू समेटेर कार्य गर्न शताब्दी समिति गठन समेत गरेको छ । हामीले यसरी उत्सव मनाईरहदा त्यो पनि भन्ने छौं कि हाम्रा सदस्य संस्थाहरूले आर.आई.का उपलब्धिहरूबाट उनीहरूले पनि लाभ लिन सकुन किनकी हाम्रा अभियान्ताहरू जसले स्थानीय र राष्ट्रिय आवश्यकताहरूमा विशेषज्ञता हासिल गर्दै सेवा प्रदान गरेकाछन् । उनीहरूले आर.आई.को लक्ष्यलाई स्थानीय स्तरमा स्पष्ट बुझाई धेरै विषयहरूआई सम्बोधन गर्न मद्दत गरेकाछन् । आर.आई.का आयोगहरू वा विषयगत विशेषज्ञ कार्यसमूहद्वारा सञ्चालित शिक्षा, स्वास्थ्य, प्रविधि र पहुँच, खाली समयको सदुपयोग, मनोरञ्जन र शारीरिक गतिविधी, नीति र सेवाहरू, सामाजिक काम र रोजगारीका विषयहरूलाई विश्वव्यापी मापदण्ड अनुसारको कार्यहरूबाट उच्च गुणस्तरको सेवा गर्न विशेषज्ञता र नेतृत्व प्रदान गर्न जारी राखेका छन् । आर.आई.ले सि.आर.पि.डी.को विकास गर्न र महासन्धिको सार्थक र प्रभावकारी कार्यान्वयनको अभियानलाई दिगो बनाउन आफ्नो केन्द्रीय भूमिका निर्वाह गरिरहनेछ ।

हामीले हाम्रो काम हाम्रा सदस्यहरू, साझेदारहरू र अन्य विश्वव्यापी क्षेत्रहरूमा अपाङ्गताको पुनर्स्थापना र विकासका लागि काम गर्नेहरूलाई जानकारी प्रदान गर्ने छौ । हाम्रो प्रयास सस्थागत रूपमा लक्ष्यहरू सुनिश्चित गर्दै सि.आर.पि.ड.को प्रावधानहरूलाई राष्ट्रिय कानूनहरूमा समावेश गर्न प्रयास गर्छौं, जसले अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक जीवनमा र मूर्त रूपमा परिर्वतन ल्याउने वातावरण सिर्जना गर्नमा समन्वय गरिरहने छ ।

## अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि (सि.आर.पि.डि.)

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि १३ डिसेम्बर २००६ मा संयुक्त राष्ट्रसंघको ६१ औ महासभाबाट पारित भई सन् २००८ मे ३ देखि कार्यान्वयनमा आएको हो । यसलाई छोटकरीमा सि.आर.पि.डि. भनेर बुझिन्छ । नेपाल सि.आर.पि.डि. अनुमोदन गर्ने ८६ औं राष्ट्रमा पर्दछ जसले कुनै आलेख शर्त बिना २४ वैशाख २०६७ अर्थात सन् २००७ डिसेम्बर २७ मा अनुमोदन गरेको थियो । यो महासन्धिको उद्देश्य अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्ति सरह समान आधारमा हक र अधिकारको उपभोग गर्न सक्षम तुल्याउने हो । यसले अपाङ्गता भएको व्यक्तिहरूलाई मानव अधिकार प्रबद्धन र संरक्षणको आवश्यकतालाई मान्यता दिन्छ । यस महासन्धिले अपाङ्गताको परिभाषा एक गतिशिल अवस्थाको रूपमा लिएको छ । यसले अपाङ्गताको बारेमा परिभाषा गरेको छैन, बरु यस महासन्धिले अपाङ्गता भएको व्यक्तिभित्र दीर्घकालीन रूपमा शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियगत कमजोरी भएका व्यक्तिहरूलाई समावेश गरिएको छ । जसलाई समाजमा पूर्णरूपमा सहभागी हुन कठिनाई भएको, नकरात्मक प्रबृत्ति वा भौतिक कठिनाईहरू, अपाङ्गताको स्थिति समय, परिस्थिति, भौगोलिक परिवेश वातावरण समाज, दृष्टिकोण शारीरिक र मानसिक अवस्थाका बारेमा व्याख्या गरेको छ । साथै महासन्धिले मानिसको सोचाई र वातावरणीय कठिनाईहरूले पनि असक्षमता भएका व्यक्तिहरूले मानव अधिकारको उपभोग गर्नमा सिर्जना गरिरहेको हुन्छ भन्ने कुरामा जोड दिएको छ । यस महासन्धिमा कुल ५० वटा धाराहरू छन् ।

## धारा १ देखि ४ सम्म निम्न विषयहरू उल्लेख गरेको छ ।

१) उद्देश्य
२) परिभाषा
३) सामान्य सिद्धान्तहरू
४) सामान्य दायित्वहरू

## धारा ५ देखि ३२ सम्म अपाङ्गता भएका व्यक्तिहरूको लागि अधिकारको बारेमा सन्धिले उल्लेख गरेको छ ।

५) समानता र गैर भेदभाव
६) अपाङ्गता भएका महिलाहरू
७) अपाङ्गता भएका बालबालिकाहरू
८) सचेतना अभिवृद्धि
९) पँहुचयुक्तता
१०) जीबनको अधिकार
११) जोखिमका अवस्थाहरू तथा मानवीय संकटहरू
१२) कानूनभन्दा अगाडि समान मान्यता
१३) न्यायमा पँहुच
१४) व्यक्तिको स्वतन्त्रता तथा सुरक्षा
१५) यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट स्वतन्त्रता
१६) शोषण, हिंसा र दुर्व्यवहारबाट स्वतन्त्रता
१७) व्यक्तिको अखण्डता संरक्षण
१८) आवातजावत तथा राष्ट्रियतासम्बन्धी स्वतन्त्रता
१९) स्वतन्त्रतापूर्वक बस्न पाउने र समुदायमा समावेश गरिने

२०) व्यक्तिगत गतिशिलता
२१) विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनामा पँहुच
२२) गोपनियताको सम्मान
२३) घर तथा परिवारको सम्मान
२४) शिक्षा
२५) स्वास्थ्य
२६) वासस्थान र पुनर्स्थापना
२७) काम र रोजगार
२८) पर्याप्त जीवनस्तर र सामाजिक संरक्षण
२९) राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता
३०) सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागिता
३१) तथ्याङ्क तथा आँकडा संकलन
३२) अन्तर्राष्ट्रिय सहयोग

## धारा ३३ देखि ४0 सम्म राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुगमन गर्ने बारेमा

३३) राष्ट्रियस्तरमा कार्यान्वयन तथा अनुगमन
३४) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी समिति
३५) पक्ष राष्ट्रहरूको प्रतिवेदन
३६) प्रतिवेदन उपर विचार
३७) पक्ष राष्ट्रहरू तथा समिति बिच सहयोग
३८) समितिको अन्य निकायहरूसँगको सम्बन्ध
३९) समितिको प्रतिवेदन

## ४० देखि ५० सम्मका धाराहरूले लागू गर्ने, आरक्षण र अरू प्रावधानहरूको बोरमा उल्लेख गरेको छ ।

४०) पक्ष राष्ट्रहरूको सम्मेलन
४१) अभिलेख अधिकार
४२) हस्ताक्षर
४३) आवद्ध हुने सहमति
४४) क्षेत्रीय एकीकृत संगठन
४५) लागू गर्ने
४६) आरक्षण
४७) संसोधन
४८) परित्याग
४९) पँहुच योग्य स्वरूप
५०) प्रमाणिक पाठहरू

# अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४

**प्रस्तावना :**

अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने भेद्भाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्वी र सम्मानजनक जीवनयापनको वाताबरण सुनिश्चित गर्ने सम्बन्धमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका संसदले ऐन बनाएको छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ का अनुसार १३ वटा परिच्छेदमा १ देखि ६३ वटा निम्न दफाहरू रहेका छन् जुन संक्षिप्तमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

## परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ

२. परिभाषा

## परिच्छेद २

**अपाङ्गताको वर्गीकरण परिचयपत्र तथा अभिलेख**

३. अपाङ्गताको वर्गीकरण

४. अपाङ्गताको परिचयपत्र सम्बन्धी व्यबस्था

५. झुट्टा विवरण दिई परिचयपत्र प्राप्त गर्न नहुने

६. अभिलेख राख्नुपर्ने

## परिच्छेद ३

अपाङ्गता भएको व्यक्तिको अधिकार

७. प्रचलित कानून बमोजिमका अधिकार उपभोग गर्न पाउने

८. भेद्भाव विरूद्धको अधिकार

९. सामुदायिक जीवनको अधिकार

१०. संरक्षणको अधिकार

११. राजनीतिक सहभागिताको अधिकार

१२. नीति निर्माणमा सहभागिताको अधिकार

१३. संस्था खोल्ने अधिकार

१४. सांस्कृतिक जीवनमा सहभागि हुने अधिकार

१५. सेवा सुविधा तथा न्यायमा पहुँचको अधिकार

१६. सामाजिक सुरक्षाको अधिकार

१७. सूचना तथा जानकारीको अधिकार

१८. आवत जावतको अधिकार

## परिच्छेद ४

**अपाङ्गता भएका महिला तथा बालबालिकाका थप अधिकार**

१९. अपाङ्गता भएका महिलाहरूको अधिकार

२०. अपाङ्गता भएका बालबालिकाको अधिकार

## परिच्छेद ५

**अपाङ्गता भएका व्यक्तिको शिक्षासम्बन्धी अधिकार**

२१. नि:शुल्क शिक्षा उपलब्ध गराउने

२२. छात्रवृद्धि तथा आर्थिक सहयोग उपलब्ध गराउने

२३. अपाङ्गता भएका विद्यार्थीको गुणस्तरीय शिक्षामा पुहुचको अभिवृद्धि गर्ने

## परिच्छेद ६

**सीप विकास तथा रोजगारी**

२४. व्यावसायिक तालिम तथा स्वरोजगार

२५. अपाङ्गता भएका व्यक्तिलाई नियुक्ति गर्नु पर्ने

२६. अभिलेख राख्नुपर्ने

२७. व्यवस्थापक समक्ष उजुरी दिन सक्ने

## परिच्छेद ७

**स्वास्थ्य पुनर्स्थापना सामाजिक सुरक्षा तथा मनोरञ्जन**

२८. नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने

२९. पुनर्स्थापना सम्बन्धी व्यबस्था

३०. पुनर्स्थापना कोष

३१. अनुसन्धान गर्ने गराउने

३२. सामाजिक सुरक्षा

३३. सांस्कृतिक अधिकार तथा मनोरन्जन

३४. खेलकुदमा सहभागी गराउने

३५. मानसिक र मनोसामाजिक (साईकासोसल) अपाङ्गता भएका व्यक्तिका लागि थप सेवा

३६. कारागारमा राख्न नहुने

## परिच्छेद ८

**अपाङ्गता भएका व्यक्तिलाई सहुलियत र सुविधा**

३७. सहुलियत र सुविधा

## परिच्छेद ९

**निर्देशन समिति तथा समन्वय समिति**

३८. निर्देशन समिति

३९. निर्देशन समितिको काम, कर्तव्य र अधिकार

४०. बैठक सम्बन्धी कार्यविधि

४१. प्रदेशस्तरीय समिति गठन गर्न सक्ने

४२. समन्वय समिति सम्बन्धी व्यवस्था

४३. समन्वय समितिको काम कतर्व्य र अधिकार

४४. समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि

## परिच्छेद १०

**अपाङ्गता भएका व्यक्तिप्रतिको दायित्व**

४५. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको दायित्व

४६. शिक्षण संस्थाको दायित्व

४७. परिवारका सदस्य तथा संरक्षकको दायित्व

४८. चिकित्सको दायित्व

४९. अपाङ्गता भएका व्यक्तिहरूप्रतिको सामाजिक उत्तरदायित्व

५०.	वर्गीकरणको आधारमा सेवा सुविधामा प्राथमिकता दिन सकिने

## परिच्छेद ११

**अपाङ्गता भएका व्यक्तिको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन**

५१.	अपाङ्गताको प्रचलन गराउन निवेदन दिन सक्ने

५२.	अधिकार प्रचलन गराउन जिल्ला अदालतमा निवेदन दिन सक्ने

## परिच्छेद १२

**कसुर र सजाय**

५३.	घृणा, हेला वा तिरस्कार गर्न नहुने

५४.	भिक्षा माग्न लगाउन नहुने

५५.	सजाय

५६.	हदम्याद

५७.	नेपाल सरकार बादी हुने

## परिच्छेद १३

**विविध**

५८.	संरक्षण अधिकृत

५९.	घुम्ती सेवा सञ्चालन गर्न सक्ने

६०.	नियम बनाउने अधिकार

६१.	कार्यविधि तथा निर्देशिका बनाउने अधिकार

६२.	अनुसूचीमा हेरफेर गर्न सक्ने

६३.	खारेजी र बचाऊ

# अपाङ्गता भएका व्यक्तिको सेवामा बालहितकारी परियोजना नेपाल

बालहितकारी परियोजना नेपालको मूख्य लक्षित समूह बालबालिकाहरू हुन । त्यसमा पनि अपाङ्गता भएका बालबालिकाहरू विशेष संरक्षण प्राप्त गर्ने वर्गमा पर्दछन् । बालहितकारी परियोजना नेपाल सन् २००५ देखि नै समुदायमा आधारित पुनर्स्थापना सञ्जालको सदस्य भई विभिन्न समयमा अपाङ्गता भएका बालबालिका र व्यक्तिहरूको शिक्षा, स्वास्थ्य र पुनर्स्थाथापनाका कार्यहरू गर्दै आइरहेका थियो । त्यसै सन्दर्भमा सन् २०१८ मा रिहाविलिटेसन सम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको सदस्यता प्राप्त गरेपछि विधानतः बालहितकारी परियोजना नेपालले अपाङ्गता सम्बन्धी विषय आफ्नो विषयगत कार्यक्षेत्रहरूमा समावेश गरी विभिन्न कार्यक्रमहरू गर्दै आईरहेको छ ।



**अपाङ्गता सम्बन्धी बालहितकारी परियोजना नेपालको कार्यक्रम बारे अनुगमन र मूल्यांकन गर्दै आर.आई. को मूल्यांकनकर्ता न्यान्सी स्याङ ।**

सन् २०१९ को पहिलो त्रैमासिकमा यस संस्थाले पोखरा महानगरपालिकाका १ देखि १५ सम्मका वडाहरूको घरधुरी सर्वेक्षण गरी अपाङ्गता भएका ११२४ जना व्यक्तिहरूको तथ्याङ्क संकलन गरेको थियो । यसरी तथ्याङ्क संकलन गर्ने सन्दर्भमा अपाङ्गता भएका व्यक्तिहरूको अपाङ्गता सम्बन्धी प्रकार, उनीहरूको आर्थिक तथा समाजिक अवस्था, अपाङ्गतासँग सम्बन्धित विषयहरूमा उनीहरूको सहभागिता, सेवा प्रदायक निकायहरूमा उनीहरूको पहुँच र प्राप्त गर्दै गरेका सेवाहरू तथा पाउन बञ्चित सुविधाहरू, उनीहरूको वारेमा सेवा प्रदायक संस्था तथा ती निकायहरूमा रहेका व्यक्तिहरूको अपाङ्गता सम्बन्धी ज्ञान र सोच लगायतका विभिन्न अवस्थाको वारेका जानकारी संकलन गरेको थियो ।

सन् २०१९ को मे महिनादेखि सन् २०२० को अक्टोवर महिनासम्म बालहितकारी परियोजना नेपालले रिहाविलिटेसन अन्तर्राष्ट्रिय संस्थाको सहयोग र समुदायमा आधारित पुनर्स्थापना सेवा संस्थाको सहकार्यमा ११२४ जना अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूकै आवासमा गई आधारभूत पुनर्स्थापना र परामर्श सेवा प्रदान गरेको थियो । त्यसैगरी ४९० जना अपाङ्गता भएका बालबालिकाहरूलाई उनीहरूको अपाङ्गताको प्रकारको आधारमा खेलौना र संज्ञात्मक सामग्रीहरू



**आयआर्जन सम्बन्धी सहयोगका लागि अपाङ्गता भएका परिवारलाई निःशुल्क बाख्रा वितरण गर्दै बालहितकारी परियोजना नेपाल ।**

तथा २७४ जना अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको अपाङ्गता सम्बन्धी अवस्थाका आधारमा सहयोग पुग्ने सामग्रीहरू वितरण गरेको थियो । बालहितकारी परियोजना नेपालले १ देखि १५ सम्मका वडाहरूमा जम्मा ३६० (१६६ जना महिला र १९४ पुरुषहरू) व्यक्तिहरूको सहभागितामा १५ वटा अपाङ्गता सम्बन्धी स्वयम् सेवी समूहहरू गठन गरी विभिन्न पैरवीका कार्यक्रमहरू सञ्चालन गरेको थियो । परियोजनाको दिगोपनका लागि स्वयम् सेवी संस्थाहरू गटन गरी उनीहरूका आवश्यकताहरू नीजहरूकै वडा कार्यालय तथा महानगर सम्म उनीहरूको पहुँच बनाउन ती समूहहरू अति नै प्रभावकारी भएका थिए ।

बालहितकारी परियोजना नेपालले ११२४ जना अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक तथा सामाजिक अवस्थाको अनुगमन गरी जीविकोपार्जनका लागि अति आवश्यक देखिएका ९६ परिवारहरूलाई आय आर्जनका लागि कुखुरा, बाख्रा र बंगुर पालनका कार्यक्रममा सहयोग गरेको थियो भने केही परिवारका सदस्यहरूलाई खेलौना बनाउने सीप सिकाई, साना साना पसलका लागि सामग्रीहरू, चिया, खाजा र तरकारी पसल, सुन्दरता र सिलाईसम्बन्धी तालिम तथा आर्थिक सहयोग गरेको थियो ।

त्यसैगरी ३० जना अपाङ्गता व्यक्तिहरू जसको स्वास्थ्य गम्भीर थियो र स्वास्थ्य संस्थाहरूबाट आफै उपचार गर्न सक्षम थिएनन् त्यस्ता व्यक्तिहरूलाई विभिन्न अस्पताल र स्वास्थ्य संस्थाहरूबाट विशिष्ठिकृत स्वास्थ्य सेवामा सहयोग गरिएको थियो । ७६५ अपाङ्गता भएका व्यक्तिहरूलाई आधारभूत स्वास्थ्य सेवा जस्तैः स्वास्थ्य जाँच, घाउ सफा गर्ने, बाफ दिने र विभिन्न परीक्षणका सुविधाहरू संस्थाकै कार्यालयमा रहेको शहरी स्वास्थ्य सेवा तथा निजहरूको घर घरमा पुगी उपलब्ध गराईएको थियो । ती व्यक्तिहरूलाई विभिन्न प्रकारका मनोपरामर्शसेवा समेत प्रदान गरिएको थियो ।

बालहितकारी परियोजना नेपालले अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाको लागि समावेशी शिक्षाको आवश्यकता सम्बन्धमा पैरवी मात्रै नगरी उनीहरूलाई शिक्षाको पहुँचसम्म पुऱ्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको थियो । परियोजनाको अवधिमा संस्थाले ३० वटा विद्यालयका व्यवस्थापन समितिहरू र शिक्षक अभिभावक संघहरूको अपाङ्गता भएका बालबालिकाहरूको वारेमा



**घर घरमा थेरापी सेवा प्रदान गर्दै बालहितकारी परियोजना नेपाल ।**

शिक्षाको महत्व, अपाङ्गतामैत्री भौतिक पूर्वधारहरू, अपाङ्गता सम्बन्धमा जानकारी र बालबलिकाहरूको समावेशी शिक्षाको बारेमा छलफल र अत्गरक्रिया कार्यक्रमहरू गरी ४९८ जनामा जनचेतना बढाउने कार्य गरेको थियो । त्यस्तै विद्यालय जान नसक्ने ९४ जना अपाङ्गता भएका बालबालिकाहरूलाई उनीहरूका अभिभावक तथा दाजुभाइ दिदी बहिनीहरूबाट समेत शिक्षा लिन सक्ने गरी विभिन्न शैक्षिक सामग्रीहरू वितरण गर्ने तथा दिनमा स्याहार पुऱ्याउनको लागि विभिन्न स्याहार केन्द्रहरूमा भर्नाको लागि समेत प्रोत्साहन गरेको थियो । विद्यालयमा अध्ययनरत २८५ जना अपाङ्गता भएका बालबालिका र ४१ जना अपाङ्गता भएका व्यक्तिका बालबालिकाहरू समेत गरी जम्मा ३२६ जना बालबालिकाहरूलाई विभिन्न शैक्षिक सामग्रीहरू जस्तैः झोला, कापी किताव, विद्यालय पोशाक तथा जुत्ताहरू समेत सहयोग गरिएको थियो । अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा सहजता होस भन्ने हेतुले यस संस्थाले २९ वटा विद्यालयमा विभिन्न अपाङ्गतामैत्री भौतिक संरचनाहरू जस्तैः ऱ्याम्प, प्रवेशद्वार, शौचालय, बाटाहरू आदि निर्माण गरेको थियो भने विद्यालय जाने बालबालिकाहरूका अविभावकहरूसँग ६० वटा बैठक

गर्दा ६७६ जना अविभावकहरूले सहभागिता जनाएका थिए । ती वैठकहरूमा समावेशी शिक्षा, अपाङ्गता भएका बालबालिकाका हक अधिकारहरू, उनीहरूले विशेष संरक्षण पाउनुपर्ने कारण र अविभावकहरूको दायित्व लगायतका विषयहरूमा जानकारी गराईएको थियो ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको पैरवी गर्ने सन्दर्भमा उक्त परियोजना अवधिमा उनीहरूको अपाङ्गताको प्रकारको आधारमा परिचय पत्र पाउनुपर्ने अधिकारको संरक्षण गर्न ३२ व्यक्तिहरूलाई पूर्ण सहयोग र ४० जना व्यक्तिहरूलाई परिचय पत्र लिनको लागि आवश्यक प्रकृया अगाडि बढाउन सहयोग गरिएको थियो । त्यसैगरी अधिकारहरूको वकालत गर्ने सन्दर्भमा महानगरपालिका स्तरमा, वडा स्तरमा, समुदायहरू र विद्यालयहरूमा क्रमशः १, १५, ४०, ५९ र ६० वटा विभिन्न कार्यक्रमहरू गरिएको थियो । ती कार्यक्रमहरूमा क्रमशः ३०, २२८, २१५०, २२५६ जना सहभागि भएका थिए । ती कार्यक्रमहरूमा अपाङ्गताका विषयका अलावा कोरोना महामारी र यसबाट सुरक्षित हुने उपायहरूका वारेमा समेत जानकारी प्रदान गरिएको थियो ।



**समुदायमा अपाङ्गता सम्बन्धी जनचेतना फैलाउँदै बालहितकारी परियोजना नेपाल ।**



**कोरोनाबाट बच्ने उपाय सम्बन्धमा आयोजित जनचेतना कार्यक्रम ।**

कोरोना महामारीबाट पर्ने प्रभाव र यसबाट बच्न सक्ने विषयहरूमा परामर्शका साथै १११ अपाङ्गता भएका परिवारका ३६० जना व्यक्तिहरूको कोरोना बिमामा आर्थिक तथा प्राविधिक सहयोग गर्नुको साथै ६० जनालाई औषधी उपचार तथा १० जना व्यक्तिलाई उनीहरूको आवासमा नै गई घाउहरूको सरसफाइ र औषधी वितरण गरिएको थियो । कोरोनाको समयमा नै १५ स्वयम् सेवी समूहका २४० परिवारका ९६० जना व्यक्तिहरूको लागि कोरोनाबाट बच्नको लागि स्वास्थ्य सुरक्षा सामग्रीहरू जस्तैः मास्क, साबुन, सेनेटाईजर आदि वितरण गरिएको थियो । अपाङ्गता भएका व्यक्तिका ७५ परिवारलाई आपतकालीन राहत सामग्रीको प्याकेजहरू वितरण गरिएको थियो । यस्तो प्याकेजबाट ३०० जना व्यक्तिले लाभ प्राप्त गरको थिए ।

उल्लेखत कार्यक्रमहरू बाहेक सन् २०२० को जुन र जुलाई महिनामा कोरोना महामारीबाट अपाङ्गता भएका व्यक्ति, तीनका परिवार तथा बालबालिकाहरूमा



**आपतकालीन राहत सामग्री वितरण गर्दै बालहितकारी परियोजना नेपाल ।**

परेको असरहरूलाई मध्ये नजर गर्दै आपतकालिन समयमा उनीहरूले विशेष प्रकारको हेरचाह र संरक्षण प्राप्त गर्न पाउने अधिकारको बारेमा सरोकारवालाहरूलाई सचेत गराउनुको साथै २०७ वटा परिवारलाई आपतकालीन राहत सामग्रीहरू वितरण गरिएको थियो । उक्त राहत वितरणमा बालहितकारी परियोजना नेपालको तर्फबाट ९७ तथा बटरफ्लाई पाउण्डेशनको तर्फवाट ११० परिवारको लागि प्राप्त सहयोगलाई पनि हाम्रै संयोजनमा वितरण गरिएको थियो । त्यस्तै ४०५ जना अपाङ्गता भएका व्यक्तिहरूलाई कोरोना महामारीबाट बच्न विभिन्न स्वास्थ्य सामग्रीहरू वितरण गरि उनीहरूको विशेष संरक्षणमा महत्वपूर्ण योगदान गरिएको थियो । कोरोनाको कारण सर्म्पूण विद्यालयहरू बन्द भएको र बालबालिकाहरूको पढाईमा परेको असरलाई मध्येनजर गर्दै १७५ जना बालबालिकाहरूलाई विभिन्न शैक्षिक सामग्रीहरू वितरण गरी उनीहरूको पढ्न पाउने हकको केही हदसम्म भए पनि संरक्षण गर्न कोशिस गरिएको थियो । त्यही २ महिनाको अवधिमा ७५ जना अपाङ्गता भएका व्यक्ति र बालबालिकाहरूलाई उनीहरूको घर आगनमा उपस्थित भै औषधी, परामर्श, सामान्य स्वास्थ्य जाँच तथा घाउ वा चोटपटकहरूको सरसफाइ सेवा प्रदान गरिएको थियो ।



**स्वास्थ्य सामग्री वितरण गर्दै बालहितकारी परियोजना नेपाल ।**

कोरोना महाकारीको तेश्रो लहरको बेला सन् २०२१ को जुलाई देखि डिसिम्बर सम्म बालहितकारी परियोजना नेपालले सुरक्षाका लागि माक्स परियोजना अन्तर्गत ७५ वटा अपाङ्गता भएका व्यक्तिका परिवारहरू तथा १६ वटा अपाङ्गता सरोकार समूहका सदस्यहरूलाई क्रमशः २२.८ र ९ लिटर सेनेटाइजर र अन्य स्वास्थ्य सामग्री, ४० जनालाई उनीहरूको घर आगनमा गई औषधी, परामर्श तथा ड्रेसिङ सेवा प्रदान गरेको थियो । त्यस्तै ७५ वटा अपाङ्गता भएका व्यक्तिका परिवारहरूलाई आपतकालिन राहत सामग्री, १ जना बालकलाई विशष्ठ स्वास्थ्य सेवा,५४८ जना व्यक्तिहरूलाई कोरोना महामारीबाट कसरी बच्ने र कोरोना लागि हालेमा त्यसवाट कसरी उपचार गर्ने र मनोबल बढाई उक्त रोथबाट मुक्त हुने भन्ने विषयमा फोनवाट मरामर्श सेवा प्रदान गरिएको थियो ।

बालहितकारी परियोजना नेपालले अपाङ्गता सम्बन्धी क्षमता अभिवृद्धि तथा पुर्नस्थापना कार्यक्रम सन् २०२० को नोबेम्बर देखि २०२२ को अक्टोबर सम्मका लागि हङकङ सोसाईटि फर रिहाबिलिटेसनको सहयोगमा पोखरा महानगरपालिकामा सञ्चालन गरेको थियो । यस कार्यक्रमको मुख्य उद्देश्य



**आपतकालीन राहत सामग्री वितरणको तयारी गर्दै बालहितकारी परियोजना नेपाल ।**

भनेका बालहितकारी परियोजना नेपालका कर्मचारीको क्षमता अभिवृद्धि गरी अपाङ्गता भएको बालबालिकाहरूमा स्वास्थ्य र पुनर्स्थापनामा आवश्यक सहयोग गर्नु रहेको थियो । यो परियोजना विशुद्ध संस्थागत विकासमा नमूना परियोजनाको रूपमा सञ्चालन गरी अपाङ्गता भएका बालबालिकाहरू र तिनका अभिभावकहरूलाई पुर्नस्थापना सम्वन्धमा ज्ञान, सिप र अनुभवको जानकारी गराई उनीहरूको सहभागिता बृद्धि गराई बालबालिकाहरूको विकास क्रमको सुक्ष्म अध्ययन गरिएको थियो । यस कार्यक्रममा ५ जना अटिजम, ५ जना मस्तिष्क पक्षघात र १० जना बौद्धिक अपाङ्गता समेत गरी जम्मा २० जना बालबालिकाहरूको पुनर्स्थापना सम्बन्धी अभिभावकहरूलाई प्रशिक्षण, परामर्श साथै आवश्यक सहायक सामग्री वितरण गरिएको थियोसोही कार्यक्रममा संस्थाका ६ जना कर्मचारी प्रशिक्षकको रूपमा प्रशिक्षण समेत लिई बालहितकारी परियोजना नेपाललाई एउटा अपाङ्गताको क्षेत्रमा काम गर्ने शिशिष्ठ संस्थाको रूपमा चिनाउन सहयोग पुगेको थियो ।



**घर घरमा पुगी पुनर्स्थापना सम्बन्धी जानकारी गराउँदै बालहितकारी परियोजना नेपाल ।**

बालहितकारी परियोजना नेपालले पोखरा महानगरपालिका, कास्की जिल्ला मात्र नभएर तनहुँ जिल्लामा पनि अपाङ्गता सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने सन्दर्भमा त्यस जिल्लाका १० पालिकहरू, ती पालिकाका ८५ वटा वडाकार्यालयहरूमा जिल्ला प्रशासन कार्यालयको समन्वय र सहकार्यमा ७७ जना डाटा संकलनहरूको सहयोगमा सन् २०२२ को सेप्टेम्वरदेखि नोभेम्बर सम्म ६००४ जना अपाङ्गता भएका व्यक्तिहरूको विभिन्न ९३ वटा प्रश्नाबलीहरूमा आधारित भै जानकारीहरू संकलन गरिएको थियो । यसरी तथ्याङ्क संकलन गर्ने सन्दर्भमा उनीहरूको सामाजिक संरक्षण, आर्थिक अवस्था, भौगोलिक अवस्था, विभिन्न उमेर समूहमा वर्गीकरण गरी प्रतिवेदन तयार गरिएको छ । अब बालहितकारी परियोजना नेपालले तनहुँ जिल्लामा प्राप्त तथ्याङ्कको आधारमा जिल्लास्तरमा पैरवीका कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

त्यसको अलावा, बालहितकारी परियोजना नेपाल अपाङ्गताको क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय संस्था रिहाबिलिटेसनको सदस्य संस्था भएकोले उक्त संस्थाको १०० वर्ष पुगेको उपलक्ष्यमा विभिन्न विद्यालय र संघ संस्थाहरूसँग मिलेर ऱ्याली, खेलकुद, न्यानो कपडा वितरण, पोष्टर, पोष्टकार्ड तथा टि-सर्टको उत्पादन र वितरण लगायतका कार्यहरू गरेको थियो ।



**तनहुँ जिल्लामा अपाङ्गता सम्बन्धी तथ्यांक संकलन पूर्व संकलनहरूलाई अपाङ्गता तथ्याङ्क बारेमा जानकारी दिँदै बालहितकारी परियोजना नेपाल ।**

अन्त्यमा अपाङ्गता सम्बन्धी विषय एउटा महत्वपूर्ण कार्यगत विषय भएकोले आगामी दिनमा समेत कार्य समिति, व्यवस्थापन तथा परियोजना सबैको सहयोगमा निरन्तरता दिने लक्ष्य राखिएको छ ।



**अपाङ्गता भएका व्यक्तिको परिवारलाई आपतकालीन राहत वितरण गर्दै संस्थाका अध्यक्ष गोविन्दराज पहारी र स्वास्थ्य सहायक झलकबहादुर भुजेल ।**



हङकङबाट आएका अपाङ्गता सम्बन्धी विशेषज्ञहरूले मस्तिस्क पक्षघात भएका बालकको घरमै गई सेवा प्रदान गर्दै ।



संस्थाका सचिव दिल बहादुर भट्टराईद्वारा सरस्वती टीका मा.वि. लाई आर.आई.को १०० औं वार्षिकोत्सवको सन्दर्भमा विभिन्न सामग्रीहरू वितरण गर्दै ।



कुँडहर आधारभूत विद्यालयका दृष्टिविहीन विद्यार्थीहरूका लागि ब्रेललिपी हस्तान्तरण गर्दै संस्थाका कार्यकारी निर्देशक ठाकुर प्रसाद चापागाई ।







**Child Welfare Scheme Nepal**

Janashakti Marga, Nayagaun, Pokhara-15, Kaski, Gandaki Province, Nepal

+977-061 430087, 431183

info@cwsn.org